विराटनगर महानगरपालिका, नगरसभाको एघारौं अधिवेशनको मिति २०७९/०९/२७ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | योजना/कार्यक्रम तथा बजेट संशोधन, थपघट र रकमान्तर एवम् नयाँ आयोजनाहरूको सम्बन्धमा। | (क) नगर सभाको दशौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा नगर कार्यपालिकाबाट सिफारिस भइआएको **अनुसूची-१** बमोजिमको बजेट, कार्यक्रम तथा आय संशोधन पारित गरियो।<br>(ख) आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा वडा र विषयगत महाशाखाहरूबाट प्राप्त **अनुसूची-२** बमोजिमको बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर स्वीकृत गरियो। |
| २ | आर्थिक ऐन, २०७९ मा संशोधन सम्बन्धमा। | नगर कार्यपालिकाबाट सिफारिस भइआएको आर्थिक ऐन, २०७९ को **अनुसूची-३** बमोजिमको संशोधन पारित गरियो। |
| ३ | विभिन्न मितिका नगर कार्यपालिका बैठकका निर्णयहरूको अनुमोदन सम्बन्धमा। | नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्काले गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका **अनुसूची-४** बमोजिमका निर्णयहरूको अनुमोदन गरियो। |
| ४ | विराटनगर महानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन सम्बन्धमा। | नगर कार्यपालिकाबाट सिफारिस भई पेस भएको विराटनगर महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन एवम् सो बमोजिमको सङ्गठन संरचना तथा दरबन्दी तेरिज पारित गरियो। साथै, यसभन्दा अघि तत्कालीन विराटनगर उप-महानगरपालिकाको सङ्गठन संरचना र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त अन्तरिम सङ्गठन संरचना तथा दरबन्दी तेरिज बमोजिम भए/गरेका कार्यलाई समेत यसै अनुसार भएको मानी अनुमोदन गरियो। |
| ५ | अर्धवार्षिक प्रगति समीक्षा सम्बन्धमा। | नगर सभाको आठौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा प्रतिवेदन अनुमोदन गरियो। |
| ६ | विभिन्न विधेयकहरू सम्बन्धमा। | नेपालको संविधानको धारा २२६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) मा भएको प्रावधान अनुरुप विराटनगर महानगरपालिकालाई आवश्यक ऐन/नीतिहरूका मस्यौदा कार्यपालिकाबाट स्वीकृत गरी गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (प्रदेश ऐन) बमोजिम सभामा प्रस्तुत भएका देहायका विधेयकहरू सोही ऐनको दफा ३० मा भएको व्यवस्था बमोजिम पारित गरियो।<br>(१) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक, २०७९<br>(२) कृषि विधेयक, २०७९<br>(३) कृषि नीति, २०७९ |
| ७ | कर तथा गैह्रकर राजस्व सम्बन्धी ऐन, २०७८ को संशोधन सम्बन्धमा। | नगर कार्यपालिकाबाट स्वीकृत भई पेस भएको विराटनगर महानगरपालिकाको कर तथा गैह्रकर राजस्व सम्बन्धी ऐन, २०७८ को पहिलो संशोधन, २०७९ पारित गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ८ | विभिन्न नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको अनुमोदन सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा भएको व्यवस्था अनुसार नगर कार्यपालिकाले विभिन्न मितिमा स्वीकृत गरी लागु गरेका सम्पूर्ण नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू अनुमोदन गरियो। |
| ९ | वडा नं.२ को सोमबारे हाट नाला, ग्राभेल र ह्युमपाइप जडान योजनाको सम्बन्धमा। | आ.व.२०७८/०७९ का भुक्तानी दिन बाँकि वडास्तरिय योजनाहरू अन्तर्गत वडा नं.२ को सोमबारे हाट नाला, ग्राभेल र ह्युमपाइप जडान (पाना नं.१४१, सि.नं.३१५) योजनाको ह्युमपाइप जडान गर्ने कार्यमा विवाद उत्पन्न भएकाले उपभोक्ता समितिको माग तथा वडा समितिको सिफारिस बमोजिम ह्युमपाइप जडान कार्यको सट्टा विनियोजित बजेटभित्र रही लागत अनुमान संशोधन गरेर थप नाला र एक थान कलभर्ट निर्माण गर्ने निर्णय गरियो। |
| १० | वडा नं.१२ को जिवछ्पुरको घरदेखि फुफडी खोलासम्म रिटेनिङ वाल योजनाको सम्बन्धमा। | आ.व.२०७८/०७९ का भुक्तानी दिन बाँकि योजनाहरू अन्तर्गत वडा नं.१२ को जिवछ्पुरको घरदेखि फुफडी खोलासम्म रिटेनिङ वाल (पाना नं.१४०, सि.नं.२८७) योजनाको लागि रु.६,६०,१२१।– रकम दायित्व सरी आएकोमा स्थानीयवासीको माग तथा वडा समितिको सिफारिस बमोजिम रिटेनिङ वालको सट्टा विनियोजित बजेटभित्र रही दुबैतर्फ नाला निर्माण गर्ने निर्णय गरियो। |
| ११ | उदय मार्ग योजनाको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | नगर कार्यपालिकाको मिति २०७९/०६/२८ को निर्णयानुसार वडा नं.३ स्थित उदय मार्ग निर्माण योजनालाई बहुवर्षीय योजना अन्तर्गत कार्यान्वयन गर्नेगरी रु.१ करोड ३२ लाख बजेट मर्मत सम्भार कोषबाट व्यवस्थापन गर्ने निर्णय गरियो। |
| १२ | नगर कार्यापालिकाको निर्णय बमोजिम कार्यान्वयनमा रहेका योजनाहरूको बजेट व्यवस्थापन सम्बन्धमा। | विभिन्न मितिमा बसेको नगर कार्यपालिका बैठकको निर्णयबाट आवश्यकताका आधारमा नगर सभाबाट बजेट व्यवस्था गर्नेगरी कार्यान्वयन प्रक्रियामा रहेका योजनाहरूको शीर्षक नतोकिएको अवस्थामा मर्मत सम्भार कोषबाट आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो। |
| १३ | भेरिएसन आदेश सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.३ स्थित प्रताप मार्ग सडक स्तरोन्नति कार्यका लागि रु.१,०७,५७,०३२।९६ (मू.अ.क. समेत) को लागत अनुमानमा e-Bidding मार्फत बोलपत्र आह्वान भई नि.व्य. न्यू विजय निर्माण सेवासँग रु.९५,१३,५९०।९१ (मू.अ.क. समेत) मा उक्त निर्माण कार्य गर्नेगरी सम्झौता भएकोमा प्राविधिक प्रतिवेदन सहित रु.९८,६०,०९२।४७ (मू.अ.क. बाहेक) को संशोधित लागत अनुमान पेश भएकोले रु.१४,४०,९८५।४७ (१७.११%) बराबरको भेरिएसन आदेश जारी गरी अपुग रकम मर्मतसम्भार कोषबाट व्यवस्था गर्ने निर्णय गरियो। |
| १४ | नेपाल सरकार सशर्त कार्यक्रम अन्तर्गका आयोजनाको कटौती भएको बजेट व्यवस्थापन सम्बन्धमा। | नेपाल सरकार सशर्त कार्यक्रम अन्तर्गत जामुनगाछी खानेपानी आयोजनाको भवन निर्माण, विराटनगर ४ आयोजनाको लागि रु.१५ लाख बजेट अनुदान प्राप्त भई उक्त आयोजना कार्यान्वयनका लागि ठेक्का समेत लागिसकेको अवस्थामा सो आयोजनाको रु.१० लाख कट्टा भई बजेट घटेर रु.५ लाख मात्र प्राप्त भएकोले अपुग रकम मर्मतसम्भार कोषबाट व्यवस्था गरी उक्त निर्माण कार्य सञ्चालन गर्ने/गराउने निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १५ | लैङ्गिक निवारण कोष खाता सञ्चालन सम्बन्धमा। | लैङ्गिक निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८ को दफा ३ मा भएको व्यवस्था बमोजिम नगर क्षेत्रभित्र रहेको कुनै एक वाणिज्य बैंकमा **लैङ्गिक हिंसा निवारण कोष** खाता खोली सञ्चालन गर्ने निर्णय गरियो। |
| १६ | आन्तरिक ऋण प्राप्त खाता सञ्चालन सम्बन्धमा। | सरकारी कारोबार निर्देशिका, २०७६ को परिच्छेद-४ स्थानीय तह खाताहरू तथा सञ्चालन विधिमा व्यवस्था भए बमोजिम यस कार्यालयलाई नगर विकास कोष लगायत अन्य वित्तीय संस्थाबाट प्राप्त हुने आन्तरिक ऋण वापत प्राप्त रकम जम्मा गर्नका लागि **ग-१.५.३ आन्तरिक ऋण प्राप्त** खाता खोली सञ्चालन गर्ने निर्णय गरियो। |
| १७ | सेवा करारका कर्मचारीको सेवा सुविधा सम्बन्धमा। | विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन, २०७६) मा तत्कालीन स्थानीय निकायको स्वीकृत दरबन्दीमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सेवानिवृत्त हुँदा सोही ऐनले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था भएकोमा सोही बमोजिम सेवा करारका कर्मचारीहरूलाई समेत सेवानिवृत्त हुँदा सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो। |
| १८ | अव्यवस्थित नेटवर्क केबल/तारहरूको व्यवस्थापनको सन्दर्भमा नेपाल टेलिकमका पोल हटाउने सम्बन्धमा। | महानगरपालिकाको शहरी सौन्दर्यलाई मध्यनजर गर्दै अव्यवस्थित नेटवर्क केबल/तारहरूको व्यवस्थापनको सन्दर्भमा हाल उक्त प्रकारका तारहरू टाङ्न/झुण्ड्याउनका लागि नेपाल टेलिकमको समेत पोलहरू प्रयोगमा रहेकोमा एकद्वार प्रणालीमार्फत तार टाङ्ने व्यवस्था मिलाई अव्यवस्थित तथा जथाभावी रुपमा रहेका तार र पोलहरूको व्यवस्थापन गर्ने उद्देश्यसहित एवम् उक्त टेलिकमको पोलबाट बहाल कर समेत प्राप्त नभइरहेको अवस्था रहेको र महानगरपालिकाको पटकपटकको अनुरोधमा समेत टेलिकमले आफ्नो पोल नहटाएकोले महानगरक्षेत्रभित्र रहेका नेपाल टेलिकमका सम्पूर्ण पोल हटाउने र नेपाल विद्युत प्राधिकरणका पोलहरूमा मात्र नेटवर्क केबल/तार जडान गर्न दिई सो वापत सम्झौता बमोजिमको बहाल कर लिने निर्णय गरियो। |
| १९ | सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा। | प्रचलित कानून, सदाचार र सार्वजनिक हित तथा भलाइका दृष्टिले सार्वजनिक स्थललाई धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने स्थल बनाउने उद्देश्य अनुरुप संवत् २०८० बैशाख १ गतेदेखि महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन एवम् बिक्री-वितरण गर्न निषेध गर्ने निर्णय गरियो। |
| २० | सार्वजनिक सडकमा सवारी पार्किङ निषेध गर्ने सम्बन्धमा। | महानगरपालिका क्षेत्रभित्रका सडकहरूमा सवारी (विशेषगरी अत्यावश्यक सेवाका सवारीहरू– दमकल, एम्बुलेन्स, शववाहन लगायत) आवागमनमा हुने असहजता, अवरोध तथा जाम एवम् भीडभाडलाई निरुत्साहन तथा नियन्त्रण गर्न वैकल्पिक पार्किङ स्थलको व्यवस्थापन गरी सार्वजनिक सडकमा सवारी पार्किङलाई निषेध गर्ने र सुरुवाती चरणमा मुख्य बजार क्षेत्र, चोक तथा सडकहरूमा लागू गरी क्रमिक रुपमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| २१ | तोकिए बमोजिमको समयावधि भित्र दर्ता हुन नआउने ई-रिक्साहरूलाई लिने जरिवाना शुल्क अनुमोदन सम्बन्धमा। | प्रदेश नं.१ सरकारबाट जारी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १४ एवम् विराटनगर महानगरपालिकाको यातायात व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम इ-रिक्सा दर्ता भइरहेको र उक्त ऐनको दफा १५ मा कुनै सवारीसाधन दर्ता गराउनु परेमा खरिदकर्ता वा पैठारीकर्ताले १५ दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनुपर्ने र यदि उक्त अवधिभित्र दरखास्त नदिएमा प्रत्येक दिनको लागि अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिम जरिवाना गर्ने व्यवस्था भए अनुसार तोकिएको समयावधिभित्र दर्ता हुन नआउने ई-रिक्साहरूका लागि प्रति रिक्सा दैनिक रु.२५।– जरिवाना लिने मिति २०७९/०७/२१ को प्रमुखस्तरिय निर्णयलाई अनुमोदन गरियो। |
| २२ | सिफारिस शुल्क समायोजन सम्बन्धमा। | आ.व.२०७८/०७९ मा नवयुग हाउजिङ् कम्पनी प्रा.लि.ले विराटनगर महानगरपालिका वडा नं.८ स्थित जग्गामा कित्ताकाट प्रयोजनका सिफारिस वापत सिफारिस शुल्क रु.११,४६,२६७।– महानगरपालिकामा दाखिला गरेकोमा उक्त आ.व.मा सो प्रा.लि.ले सिफारिस नलगेको हुँदा यस आ.व.मा उक्त शुल्क समायोजन गरी सिफारिस दिने निर्णय गरियो। |
| २३ | जेसी बाल सदन मा.वि.को सम्पत्ति कर छुट सम्बन्धमा। | सार्वजनिक शैक्षिक गुठी Biratnagar Jaycees Trust Board द्वारा आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार विद्यार्थीहरूलाई निःशुल्क शिक्षा प्रदान गर्नका लागि गैह्र नाफामूलक विद्यालयको रुपमा सञ्चालित जेसी बाल सदन मा.वि., विराटनगर १३ को हालसम्मको सम्पत्ति कर छुट गर्ने निर्णय गरियो। |
| २४ | ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको नक्सा पास दस्तुर मिनाहा सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.१०, जहदा रोडमा अवस्थित ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको कुनै किसिमको आय स्रोत नभएको र उक्त सेवा केन्द्र आध्यात्मिक एवम् सामाजिक सेवामूलक संस्था भएकोले सो संस्थाको भवनको नक्सा पास दस्तुर मिनाहा गर्ने निर्णय गरियो। |
| २५ | सम्पत्ति करको जरिवाना छुट सम्बन्धमा। | विगतदेखि तिर्न बाँकि रहेको सम्पत्ति करको बक्यौता सम्वत् २०८० असार मसान्तसम्म बुझाएमा जरिवाना छुट गर्ने निर्णय गरियो। |
| २६ | आ.व.२०७६/०७७ को मनोरञ्जन कर सङ्कलन सम्बन्धमा। | आ.व.२०७६/०७७ को मनोरञ्जन कर प्रदेश नं.१ को आर्थिक ऐन अनुसार असुल गर्ने निर्णय गरियो। |
| २७ | अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरूको दर्ता सम्बन्धमा। | अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका व्यवसायहरू महानगरपालिकामा दर्ता हुन आएमा अधिकतम तीन वर्षको कर लिई नियमानुसार दर्ता गर्ने/गराउने निर्णय गरियो। |
| २८ | कर समायोजन सम्बन्धमा। | महानगरपालिकाबाट राजस्व सङ्कलनको क्रममा त्रुटीवश लिनुपर्नेभन्दा बढी रकम लिएको भएमा करमा सो रकम समायोजन गर्ने निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| २९ | फ्राटेली डाइमेन्टिकाटि चामिनाड प्रा.लि.को सम्पत्तिकर मूल्याङ्कन सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं. १ स्थित फ्राटेली डाइमेन्टिकाटि चामिनाड प्रा.लि.को नाममा दर्ता कायम रहेको जग्गा र सो जग्गामा निर्माण भएको संरचनाको सम्पत्तिकरको बक्यौता रहेको हुँदा सो बक्यौता असुलीका लागि उक्त जग्गाले छोएको सडक आ.व.२०७६/०७७ मा पिच भएको र सोभन्दा अघि ग्राभेल रहेकोले आ.व.२०७६/०७७ सम्मको हकमा ग्राभेल सडक र त्यसभन्दा पछि पिच सडक कायम गरेर सम्पत्ति मूल्याङ्कन गरी सम्पत्तिकर असुलउपर गर्ने निर्णय गरियो। |
| ३० | महानगर बहुप्राविधिक शिक्षालयको वार्षिक अनुमानित आय तथा संशोधित खर्च विवरण सम्बन्धमा। | आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको अनुसूची-११ मा महानगर बहुप्रविधिक शिक्षालय (विराटनगर महानगरपालिकाद्वारा सञ्चालित) अन्तर्गत आ.व.२०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेटमा आम्दानीतर्फको बजेट तथा कार्यक्रम छुट भएको हुँदा **अनुसूची-५** बमोजिमको अनुमानित आय बार्षिक बजेटमा समाबेश गर्ने एवम् संशोधित खर्च पारित गर्ने निर्णय गरियो। साथै, औद्योगिक प्रशिक्षण तालिमको आम्दानी बराबरको रु.३७,१६,३८०।०० को खर्च सोही कार्यक्रमको सम्झौता बमोजिम गर्ने, गत बर्षको OJT तालिमको मौज्दात तथा थप प्राप्त हुने आम्दानीको खर्च सम्झौता बमोजिम गर्ने निर्णय गरियो। एवम्, अनुसूची-११ को सि.न. १ को कर्मचारी पारिश्रमिक शीर्षकमा विनियोजित रु.९८,००,०००।०० बाट रु.३,००,०००।०० रकमान्तर गरी खर्च शिर्षक तर्फको सि.न. ११ मा रहेको पदपुर्ती समिति शीर्षकमा रु.८,००,०००।०० कायम गर्ने, र गत आ.व.को पदपूर्ति समितिको खर्च रु.५,०३,६२६।०० को दायित्व यस आ.व.मा सारी उक्त बजेट शीर्षकबाट खर्च गर्ने निर्णय गरियो । |
| ३१ | संघसंस्थागत चालुतर्फका कार्यक्रमहरूलाई पूँजीगत खर्च गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिको आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा संघसंस्थागत चालु खर्चतर्फका कार्यक्रमहरूमध्ये सम्बन्धित संस्थाको माग बमोजिम पूँजीगततर्फ गरिएको खर्चलाई अनुमोदन गर्ने र उक्त बमोजिमका चालुतर्फका कार्यक्रमहरू सम्बन्धित संस्थाले पूँजीगततर्फ खर्च गर्न चाहेमा खर्च गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो। |
| ३२ | कार्यपालिका बैठक निर्णय अनुमोदन सम्बन्धमा। | आर्थिक वर्ष २०७९/०८० मा मिति २०७९/०४/०१ देखि मिति २०७९/०९/२६ सम्ममा बसेका नगर कार्यपालिका बैठकको बैठक संख्या १ देखि १२ सम्म भएका निर्णयहरुलाई अनुमोदन गरियो। |
| ३३ | बेरुजु नियमित गर्ने सम्बन्धमा। | आ.व.२०७३/०७४ देखि २०७७/०७८ सम्मको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुको सम्बन्धमा लेखा समितिको सिफारिस अनुसार अनुसूची-६ बमोजिम नियमित गर्ने निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-१

### (१) नगर सभाको एघारौं अधिवेशनबाट पारित आ.व. २०७९/०८० का लागि थप नगरस्तरीय तथा बहुवर्षीय योजनाहरुः

| क्र.सं. | योजनाहरु | योजनाको प्रकार | रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नम्बर १, २, ७, ८, १२, १३, १४, १५, १६, १७, १८ र १९ मा वडाहरुले पठाएका योजनाहरु | बहुवर्षीय (बोलपत्रका माध्यमबाट) | १२,००,००,०००।- | आन्तरिक | |
| २ | मर्मत सम्भार कोषमा रकम थप (शीर्षक नम्बर ३२३ मा) | खरिदका विभिन्न माध्यमबाट | २,००,००,०००।- | आन्तरिक | |
| ३ | नाला सरसफाई | खरिदका विभिन्न माध्यमबाट | १०,००,०००।- | आन्तरिक | |
| ४ | अध्ययन, अनुसन्धान, परामर्श | खरिद प्रक्रियाबाट | ७५,००,०००।- | आन्तरिक | |
| ५ | वडा नम्बर ३ मा डुबान नियन्यन्त्रण (नाला तथा सडक) | बहुवर्षीय | १,२५,००,०००।- | आन्तरिक | |
| ६ | उज्यालो विराटनगर लगायतका घोषणामूलक कार्यक्रमहरु | | ६०,००,०००।- | आन्तरिक | |
| ७ | कार्यपालिकाले पास गरेको प्रति वडा १ लाखका दरले चौतारा (फलैंचा) निर्माण | | १९,००,०००।- | आन्तरिक | |
| ९ | वडा नम्बर ६ मा विएफएम रोड | बहुवर्षीय | १,००,००,०००।- | आन्तरिक | |
| १० | कर अभियान, कार्यालय सञ्चालन र विविध | | १५,००,०००।- | आन्तरिक | |
| ११ | वडा नं. १२ का २ वटा योजनाहरु संयुक्त (महेन्द्र मोरङ क्याम्पस दक्षिण Asphalt Road र Plum Drain, महेन्द्र मोरङ क्याम्पसको सेरोफेरोमा पिच तथा नाला) | बहुवर्षीय | १,००,००,०००।- | आन्तरिक | |
| १२ | रानीमाई पोखरी तथा मन्ठा पोखरी (पाना नं.८१, सि.नं.३२८) र बजरङ्गबली मन्दिर आरती साइट निर्माण वडा नं.२ (पाना नं.८१, सि.नं.३२९) समेतमा थप | | ३,५०,००,०००।- | आन्तरिक | |
| १३ | सवारीसाधन मर्मत | | २०,००,०००।- | आन्तरिक | |
| १४ | फर्निचर तथा फिक्चर्स | | ११,००,०००।- | आन्तरिक | |
| १५ | पदाधिकारी तथा कर्मचारी दैनिक भ्रमण खर्च | | ५,००,०००।- | आन्तरिक | |
| १६ | पारिश्रमिक कर्मचारी (थप) | | २,००,००,०००।- | आन्तरिक | |
| १७ | कर्मचारी सेवानिवृत्त सुविधा (उपदान, औषधि उपचार, सञ्चित बिदा समेत) | | ६,१०,००,०००।- | | |
| | **जम्मा** | | ३१,००,००,०००।- | | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

(२) नगर सभाको एघारौं अधिवेशनबाट संशोधित आ.व. २०७९/०८० को अनुमानित आय विवरण:

| क्र.सं. | विवरण | वार्षिक अनुमानित आय (रु.) | संशोधित अनुमानित आय (रु.) |
|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७०,०२,९३,२००।- | ६८,५२,९३,२००।- |
| २ | आन्तरिक स्रोत | ८६,६४,००,०००।- | १,००,६४,००,०००।- |
| ३ | मौज्दात *(आन्तरिक)* | | १२,००,००,०००।- |
| ४ | दायित्व सरी आएका योजना *(आन्तरिक)* - | | ६,५०,००,०००।- |
| | साविकको भन्दा बढी भएको जम्मा अनुमानित आय रकम | | ३१,००,००,०००।- |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

(३) अनुसूची-१(१) को क्र.सं. १ अन्तर्गतका वहुवर्षीय योजनाहरू:-

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु.) | लागत अनुमान (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | रङ्गशाला मार्ग | १ | ५०,००,०००।- | | |
| २ | राम लक्ष्मण मार्ग | १ | ५०,००,०००।- | | |
| ३ | त्रिभुज मार्ग नाला तथा सडक | २ | १,००,००,०००।- | ४,६३,११,०७०।- | |
| ४ | ७ नं. वडा कार्यालयबाट पूर्वतर्फ स्मशान घाट (विश्रान्ती) जाने सडकको दुवैतर्फ आरसिसि नाला निर्माण | ७ | १,००,००,०००।- | | |
| ५ | विश्वकर्मा चोकदेखि दक्षिण दीपेश साह र रामु राजवंशीको घर पूर्व सिंघिया खोला हुँदै किशोरी साहको घर हुँदै स्वागतम् चोक पश्चिम विश्वकर्मा चोक उत्तर मो.मुलतानको घरसम्म पक्कि नाला तथा कलभर्ट | ८ | १,००,००,०००।- | ६,१३,०१,९७०।९२ | |
| ६ | लेखनाथ वाचनालयदेखि पश्चिम मङ्गलबारे हटिया बस्नेतको घरसम्म नाला र पिच | १२ | १,००,००,०००।- | | |
| ७ | विराटनगर आँखा अस्पताल अगाडिको बाटो पिच तथा नाला निर्माण | १३ | १,००,००,०००।- | ३,४९,५४,९४८।- | |
| ८ | भगवती मार्गमा हाइवेदेखि भगवती मन्दिर हुँदै नयाँ टोलसम्म पक्की नाला निर्माण | १४ | १,००,००,०००।- | | |
| ९ | सुडी टोलमा प्रदीप साहको आटा मिलदेखि उत्तर बलराम गिरीको घर तथा सूर्यमान बज्राचार्यको घर हुँदै त्रिभुवन चोकसम्म दुबैतर्फ नाल स्लाव सहित सडक कालोपत्रे | १५ | ५०,००,०००।- | | |
| १० | प्रदीप साहको मिलदेखि दक्षिण पूर्व दिनेश साहको घर हुँदै विशेश्वर साहको घरसम्म दुबैतर्फ नाला स्लाबसहित सडक कालोपत्रे | १५ | ५०,००,०००।- | | |
| ११ | दरहैया, कोहरल टोलमा ढलाइ बाटो निर्माण (लक्ष्मी शर्माको घरदेखि सन्तोष पाण्डेको घरसम्म) | १६ | २६,००,०००।- | | |
| १२ | नवराज पौडेलको घरदेखि केवल यादवको घरसम्म ढलाइ बाटो निर्माण | १६ | १५,००,०००।- | | |
| १३ | चिरागमान श्रेष्ठको घरदेखि मणिरत्न शाक्य (रानीपथ) सम्म नाल निर्माण र सडक स्तरोन्नति | १६ | ५८,०१,२००।- | ५८,०१,२००।- | |
| १४ | मटेरुवा चोकदेखि पूर्व प्रर्तिटोल जाने बाटोको दुबैतर्फ नाला, पिच, आर.सि.सि. ढलाइ र श्मसान घाटको बाटो, श्मसान घाटको अधूरो वाल निर्माण समेत | १७ | ८७,७८,३६८।- | | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु.) | लागत अनुमान (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १५ | स्वास्थ्य चौकीको कम्पाउण्ड वाल र वडा कार्यालयको रङरोगन तथा सेड निर्माण समेत | १७ | १२,२१,६३२।- | | |
| १६ | १४ र १८ को सिमाना नहरको बाटो हुँदै अमरलाल दास तत्माको घरसम्म कालोपत्रे | १८ | २०,००,०००।- | | |
| १७ | अमरलाल दास तत्माको घरदेखि १८ नं. वडा कार्यालयसम्म कालोपत्रे | १८ | २०,००,०००।- | | |
| १८ | १८ नं. वडा कार्यालयदेखि जलधर यादवको घरसम्म कालोपत्रे | १८ | २०,००,०००।- | | |
| १९ | जलधर यादवको घरदेखि झटियाही फडानीको नहर कलभर्टसम्म कालोपत्रे | १८ | २०,००,०००।- | | |
| २० | झटियाही फडानीको नहर कलभर्टदेखि राम जानकी मन्दिर फडानीसम्म कालोपत्रे | १८ | २०,००,०००।- | | |
| २१ | पञ्चकन्या मार्ग सडक स्तरोन्नति | १९ | १,००,००,०००।- | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

(४) अनुसूची-१(२) को क्र.सं. २ अन्तर्गतका आन्तरिक स्रोतको संशोधित विवरणः-

| सि.नं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | संशोधित वार्षिक अनुमानित आय |
|---|---|---|---|
| १ | ११३१३ - एकीकृत सम्पती कर | २२००००००० | २६२५००००० |
| २ | ११३१४ - भुमिकर/मालपोत | ३००००००० | ३६५००००० |
| ३ | ११३२१ - घरवहाल कर | १९००००००० | २३००००००० |
| ४ | ११३२२ - वहाल विटौरी कर | ५००००० | ५००००० |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ७०००००० | ७०००००० |
| ६ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | ७५००००० | ७५००००० |
| ७ | ११६९१ - अन्य कर | ३७४५०००० | ४७४५०००० |
| ८ | १४१५१ - सरकारी सम्पतीको वहालबाट प्राप्त आय | २००००००० | २००००००० |
| ९ | १४२१८ - विद्युत सेवा शुल्क | ५०००० | ५०००० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ३००००००० | ३००००००० |
| ११ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १२००००० | २५००००० |
| १२ | १४२४१ - पार्किङ्ग शुल्क | ७०००००० | १००००००० |
| १३ | १४२४२ - नक्सापास दस्तुर | १०००००००० | १३००००००० |
| १४ | १४२४३ - सिफारिश दस्तुर | ३००००००० | ३००००००० |
| १५ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३००००० | १५००००० |
| १६ | १४२४५ - नाता प्रमाणित दस्तुर | ४००००० | ४००००० |
| १७ | १४२४९ - अन्य दस्तुर | २००००००० | २००००००० |
| १८ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००००० | १००००० |
| १९ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | १००००००० | १५०००००० |
| २० | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १५०००००० | १५०००००० |
| २१ | १४५२९ - अन्य राजस्व | ६९००००० | ६९००००० |
| २२ | १४६११ - व्यवसाय कर | १३००००००० | १३००००००० |
| २३ | १५१११ - बेरूजू | ३०००००० | ३५००००० |
| | जम्मा | ८६६४००००० | १००६४००००० |

बिराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बिराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

## अनुसूची-२

**१) वडाको सिफारिसबाट योजना संसोधनका लागि स्वीकृत भएका योजनाहरुको विवरण:-**

| क्र.सं. | बजेट | | वडा नं. | साविकको योजना/कार्यक्रम शीर्षक | विनियोजित रकम (रु.) | संसोधन/रकमान्तर भई कायम हुने योजना/कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पाना नं. | क्र.सं. | | | | | |
| १ | १४७ | १६ | १ | लोक बहादुर बस्नेतको घरबाट पश्चिम जाने बाटो मेन रोडसम्म रि-वाल तथा ग्राभेल | १०,००,०००।-<br>(ज.स.बाहेक) | (१) राजवंशी उत्थान समिति भवन घेराबारा : रु.२,००,०००।-<br>(२) सृजना मार्ग ग्राभेल : रु.३,००,०००।-<br>(३) सेवक बजगाईंको घरतर्फ जाने बाटोमा ब्लक : रु.५,००,०००।-<br>(४) रमेश खतिवडाको घरतर्फ जाने बाटोमा ब्लक : रु.२,००,०००।-<br>(५) हरि राईको घर अगाडि नाला तथा ग्राभेल : रु.४,००,०००।-<br>(६) सुनामी टोलपूर्व प्रमिला कामत र विनोद कामतको घरतर्फ जाने बाटोमा रिटेनिङ वाल तथा ग्राभेल : रु.२,५०,०००।- | |
| २ | १४७ | १७ | १ | राम तबदारको घर हुँदै रामकली राई घर तर्फ जाने बाटो ग्राभेल | ७,००,०००।-<br>(ज.स.बाहेक) | | |
| ३ | १४९ | ४० | १ | रमेश साह वडा सदस्यको घर अगाडी अधुरो टाइल्स | १,५०,०००।-<br>(ज.स.बाहेक) | | |
| ४ | १४८ | २९ | १ | देवराजको घरपूर्व नाला तथा ग्राभेल | २,४०,०००।- | अनन्त पोखरेलको घर अगाडि बो ढलाइ : रु.२,४०,०००।- | |
| ५ | १४९ | ५३ | २ | विराट खेलकुद भौतिक निर्माण | ६,९०,०००।- | जनता नमुना मा.वि. अगाडि पार्क निर्माण | |
| ६ | १५० | ५७ | २ | २ र ७ नं. सिमाना सडक | ६,००,०००।- | २ र ७ सिमानादेखि उत्तर जाने सडकमा नाला तथा सडक निर्माण | |
| ७ | १९८ | १४ | २ | खनाल रोड सडकको स्तरोन्नति | ६,००,०००।- | वडा कार्यालय जाने सडकमा बेस निर्माण | नगरस्तरिय |
| ८ | १५४ | १३४ | ३ | वडाका विभिन्न स्थानहरूमा सि.सि. क्यामेरा जडान | १०,००,०००।- | सडक विद्युत्तिकरण | |
| ९ | १५३ | १२२ | ३ | किरण ढकालको घर जाने बाटोमा रिटेनिङ वाल तथा ग्राभेल | ३,६०,०००।- | डम्बर बहादुर बस्नेतको घर जाने बाटोमा रिटेनिङ वाल निर्माण | |
| १० | १५१ | ९४ | ३ | विन्दवासिनी मार्गमा अधुरो रिटेनिङ वाल निर्माण | १,७२,५००।- | (१) मोहन बहादुर कार्कीको घर जाने बाटोमा ब्लक निर्माण : रु.१,३७,५००।-<br>(२) खेम निरौलाको घरदेखि दक्षिण जाने बाटोमा ब्लक निर्माण : रु.३५,०००।- | |
| ११ | १९९ | २० | ३ | पाथीभरा मार्ग विराटनगर | ६,००,०००।- | सृजनशील मार्ग रिटेनिङ वाल निर्माण | नगरस्तरिय |
| १२ | १५२ | ९७ | ३ | कुवेर रेग्मीको घर जाने बाटोमा नाला निर्माण | ४,०२,५००। | कुवेर रेग्मीको घर जाने बाटोमा ढलाई | |
| १३ | १५२ | १०२ | ३ | कन्या मार्गको राजवंशी टोलमा बाटो ढलान | ५,७५,०००। | कन्या मार्गको राजवंशी टोलमा रिटेनिङ्ग वाल | |
| १४ | १५२ | १०९ | ३ | सुगल भट्टराईको घरदेखि दक्षिण कृष्ण भट्टराईको घरबाट अधुरो रि.वाल तथा ब्लक निर्माण | ५,७५,०००। | सुगल भट्टराईको घरदेखि दक्षिण कृष्ण भट्टराईको घरबाट बीचमा नाला तथा स्ल्याव निर्माण | |
| १५ | १५३ | ११२ | ३ | उपेन्द्र तिम्सिनादेखि रोहित सिग्देलको घरसम्म पुष्प मार्गदेखि उत्तर ग्राभेल | ३,६०,०००। | उपेन्द्र तिम्सिनादेखि रोहित सिग्देलको घरसम्म पुष्प मार्गदेखि उत्तर रि.वाल | |
| १६ | १५३ | ११५ | ३ | शुमना श्रेष्ठको घरदेखि दक्षिणपूर्व जाने बाटो रि.वाल तथा ग्राभेल | ६,००,०००। | शुमना श्रेष्ठको घरदेखि दक्षिणपूर्व जाने बाटोमा बीचबाट नाला तथा स्ल्याव | |
| १७ | १५४ | १२९ | ३ | पिताम्बर पौडेलको घरदेखि दक्षिण नारायण न्यौपानेको घरसम्म रि.वाल निर्माण | ३,४५,०००। | पिताम्बर पौडेलको घरदेखि दक्षिण नारायण न्यौपानेको घरसम्म बीचबाट नाला तथा स्ल्याव | |
| १८ | १९९ | २४ | ३ | प्रकाशेश्वर शिवालय जीर्णोदवार | ५,००,०००। | प्रकाशेश्वर सामुदायिक भवन निर्माण | नगरस्तरीय |
| १९ | १५१ | ८६ | ३ | मदननगर आधारभूत विद्यालयको मन्टेश्वरी कक्षा सञ्चालन तथा शहिद प्रा.वि. (४,५०,०००+५०,०००) | ५,००,०००।- | मदननगर आधारभूत विद्यालयको मन्टेश्वरी कक्षा सञ्चालन (शिक्षक व्यवस्थापन समेत) : रु.४,५०,०००।- र शहिद प्रा.वि. : रु.५०,०००।- | |
| २० | १५६ | १७५ | ४ | लालीगुराँस टोल धर्म न्यौपानेको घरदेखि पश्चिम र उत्तर राजकुमार यादवको घरजाने बाटो पश्चिमको दुबै बाटो रि.वाल र ग्राभेल | १०,८०,०००। | रविलाल वास्तोलाको घरदेखि पश्चिम युवराज गुरुङ्गको घरसम्मको सजन मार्गमा रिटेनिङ्गवाल तथा ग्राभेल र रविलाल वास्तोलाको घर उत्तर राजकुमार यादवको घरजाने बाटो ग्राभेल निर्माण | |
| २१ | २०० | ३९ | ४ | मदरसा तालिमुल, भौतिक संरचना निर्माण | ५००,०००। | फैजननबी आधारभूत विद्यालय | नगरस्तरीय |
| २२ | १५५ | १५१ | ४ | सार्वजनिक शौचालय निर्माण | ५,७५,०००।- | जामुनेश्वर शिवालय मन्दिर निर्माण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | १५६ | १७२ | ४ | कुमुद झाको फ्याक्ट्री हुँदै रिङरोडसम्मको बाटो ग्राभेल | ६,००,०००।- | रु.१२,००,०००।- | |
| २५ | २०० | ४० | ४ | धर्मानन्द मार्ग एयरपोर्ट पूर्व, सडक निर्माण | ६,००,०००।- | सृष्टि मार्ग ग्राभेल | नगरस्तरीय |
| २६ | ८३ | ३४९ | ५ | वडा नं.५ बि.एफ.एम.देखि केशलिया रोड जाने बाटो | ६०,००,०००।- | पञ्चेश्वर मन्दिर हुँदै दक्षिण शान्ति चोक जाने बाटो दुबैतर्फ अधुरो नाला तथा पिच : ६०,००,०००।- | नगरस्तरिय/ अन्य पूर्वाधार योजना |
| २७ | १६० | २३२ | ५ | गोपाल दाहालको घरदेखि कटुवालको घरसम्म नाला र ग्राभेल | ३,६०,०००।- | (१) श्री राम जानकी मन्दिर भवन निर्माण : रु.२,००,०००।०<br>(२) वडा नं.५ को स्वास्थ्य केन्द्रको बाटोको पूर्व रिटेनिङ वाल नाला निर्माण : रु.१,००,०००।- | |
| २८ | १६२ | २५९ | ५ | जलेश्वरको घरदेखि दीपक मण्डलको घरसम्मको बाटो नाला र ग्राभेल | ६,००,०००।- | वडा नं.५ को स्वास्थ्य केन्द्रको बाटोको पूर्व रिटेनिङ वाल नाला निर्माण : रु.६,००,०००।- | |
| २९ | १६१ | २४२ | ५ | जामुनगाछि रमेश मार्गमा नाला र ग्राभेल | ३,००,०००।- | खाल्डाखुल्डी पुर्ने ग्राभेल, माटो खरिद तथा सडक नाला मर्मत : रु.३,००,०००।- | |
| ३० | १६२ | २६१ | ५ | डि.पि.एस. जाने बाटोको पार्कछेउ ग्रामथानमा घेराबन्दी | १,००,०००।- | खाल्डाखुल्डी पुर्ने ग्राभेल, माटो खरिद तथा सडक नाला मर्मत : रु.१,००,०००।- | |
| ३१ | १६३ | २६६ | ५ | जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण | २,५०,०००।- | आकस्मिक विज्ञापन सूचना प्रकाशन तथा विविध खर्च : रु.१,००,०००।- *(बाँकि रकम साविककै शीर्षकमा रहने)* | |
| ३२ | २०१ | ६२ | ५ | विराट बहिरा संघ, भवन निर्माण | ५,७५,०००।- | विराट बहिरा मा.वि. *(नाम सच्याइएको)* | नगरस्तरिय |
| ३३ | १६५ | ३०० | ६ | विराट ब्रम्ह मन्दिर श्री राम मार्ग | २,४०,०००।- | विराट ब्रम्ह मन्दिर : रु.२,००,०००।- (ज.स.बाहेक) | |
| ३४ | १६७ | ३३१ | ७ | हरियाली युवा क्लब खेलकुद सहयोग | १,००,०००।- | जनप्रतिनिधि तथा कर्मचारीहरूको एवम् ज्येष्ठ नागरिक समेतका लागि अध्ययन अवलोकन तथा धार्मिक भ्रमण र क्षमता अभिवृद्धि कार्यक्रम : रु.२,००,०००।- | |
| ३५ | १६७ | ३३५ | ७ | टोल विकास संस्था परिचालन | १,००,०००।- | | |
| ३६ | १६९ | ३७५ | ९ | सरसफाई तथा नाला सरसफाई | ५,००,०००।- | सरसफाई तथा नाला सरसफाई एवम् अत्यावश्यक जनशक्ति व्यवस्थापन समेत | |
| ३७ | १७४ | ४५७ | ११ | आनन्दी मार्ग नाला तथा ग्राभेल निर्माण | १२,००,०००।- | आनन्दी मार्ग सडक निर्माण | |
| ३८ | १७४ | ४५८ | ११ | कृष्ण भट्टराई मार्ग नाला तथा ग्राभेल निर्माण | २४,००,०००।- | कृष्ण भट्टराई मार्ग नाला, ग्राभेल तथा ढलान निर्माण | |
| ३९ | १७४ | ४६० | ११ | केशव सापकोटा बाटो रिटेनिङ वाल तथा ग्राभेल | १८,००,०००।- | केशव सापकोटाको बाटो रिटेनिङ वाल, ग्राभेल तथा ढलान | |
| ४० | १७४ | ४६१ | ११ | शिवपुर टोलमा कलभर्ट, रिटेनिङ वाल तथा ग्राभेल | १४,४०,०००।- | शिवपुर टोलमा कलभर्ट, रिटेनिङ वाल, ग्राभेल तथा ढलान | |
| ४१ | १७५ | ४६२ | ११ | ब्रहम्पुरामा कलभर्ट, रिटेनिङ वाल तथा ग्राभेल | १४,४०,०००।- | ब्रहम्पुरामा सडक तथा नाला निर्माण | |
| ४२ | १७५ | ४६३ | ११ | नयाँ मार्ग कलभर्ट विभिन्न ठाउँमा | १७,२५,०००।- | नयाँ मार्ग, सुदिप मार्ग र गोकुल मार्गमा कलभर्ट, ग्राभेल तथा ढलान | |
| ४३ | १७५ | ४६४ | ११ | मरिक टोल नाला निर्माण | ८,०५,०००।- | मर्मत सम्भार | |
| ४४ | १७५ | ४६५ | ११ | बन्नु मार्ग रिटेनिङ वाल र ग्राभेल | ९,६०,०००।- | बन्नु मार्ग रिटेनिङ वाल, ग्राभेल तथा ढलान | |
| ४५ | १७६ | ४९५ | १२ | राम जानकी मन्दिर मलहनुवा बाटो/नाला | ५,००,०००।- | राम जानकी मन्दिरमा पक्की पर्खाल निर्माण | |
| ४६ | १७५ | ४८२ | १२ | विविध (फर्निचर समेत) | १२,०९,९००।- | (१) वडाका पदाधिकारी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण : रु.२,००,०००।-<br>(२) जनता बाल कल्याण आधारभूत विद्यालय (नवीनतम शिक्षा विस्तार कार्यक्रम) : रु.१,८०,०००।-<br>(३) बखरी आधारभूत विद्यालय (नवीनतम शिक्षा विस्तार कार्यक्रम) : रु.१,८०,०००।-<br>(४) जनता आधारभूत विद्यालय (नवीनतम शिक्षा विस्तार कार्यक्रम) : रु.१,८०,०००।- | |
| ४७ | २०६ | १३३ | १२ | नारायण मार्ग सडक पिच निर्माण गर्ने | १७,२५,०००। | नारायण मार्ग सडक आर.सि.सि. ढलाइ गर्ने | नगरस्तरीय |
| ४८ | १८० | ५६५ | १३ | पत्रपत्रिका तथा विज्ञापन | १,००,०००।- | ज्येष्ठ नागरिक, दलित, एकल महिला, अति अशक्त, अपाङ्गता भएका र विपन्न परिवारलाई फाइबर सिरक वितरण : रु.८०,०००।- | |
| ४९ | १७९ | ५६० | १३ | विपद व्यवस्थापन | २,००,०००।- | ज्येष्ठ नागरिक, दलित, एकल महिला, अति अशक्त, अपाङ्गता भएका र विपन्न परिवारलाई फाइबर सिरक वितरण : रु.१,८०,०००।- | |
| ५० | १७८ | ५३४ | १३ | विपन्न परिवारलाई झुल वितरण | १,००,०००।- | ज्येष्ठ नागरिक, दलित, एकल महिला, अति अशक्त, अपाङ्गता भएका र विपन्न परिवारलाई फाइबर सिरक वितरण : | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५१ | १७८ | ५३१ | १३ | ७० वर्षभन्दा मातिका ज्येष्ठ नागरिकलाई न्यानो कपडा र फलफूल वितरण | ३,००,०००।- | ज्येष्ठ नागरिक, दलित, एकल महिला, अति अशक्त, अपाङ्गता भएका र विपन्न परिवारलाई फाइबर सिरक वितरण : रु.३,००,०००।- | |
| ५२ | १७८ | ५३३ | १३ | खेलकुद सामाग्री वितरण | २,५०,०००।- | ज्येष्ठ नागरिक, दलित, एकल महिला, अति अशक्त, अपाङ्गता भएका र विपन्न परिवारलाई फाइबर सिरक वितरण : रु.१,००,०००।- | |
| ५३ | १७९ | ५५० | १३ | वडाको विभिन्न स्थानमा कल्भर्ट निर्माण | ८,०५,०००।- | प्रभा देवको घर जाने बाटोमा पक्की नाला तथा स्लाब निर्माण : रु.८,०५,०००।- | |
| ५४ | १७९ | ५५७ | १३ | ओमशक्ति स-मिल रोडदेखि दक्षिण अनाथ आश्रमसम्म नाला र ग्राभेल (प्रभा देव) | ९,६०,०००।- | विष्णु श्रेष्ठको घरदेखि सत्य नारायण मेहताको घरसम्म नाला तथा ग्राभेल : रु.९,६०,०००।- | |
| ५५ | १७८ | ५३७ | १३ | वडाभित्रका अनाथ आश्रम तथा मानव सेवा आश्रमलाई सहयोग | १,००,०००।- | (१) पूर्वाञ्चल बाल सेवा आश्रम : रु.५०,०००।-<br>(२) वडाको नाला सरसफाई : रू.५०,०००।- | |
| ५६ | १७९ | ५५८ | १३ | सडक बत्तिका लागि बिजुली सामग्री खरिद | ७,५०,०००।- | श्री राम जानकी मन्दिरको DPR को लागि : रु.१,२५,०००।- | |
| ५७ | १७९ | ५६१ | १३ | मर्मत सम्भार | ९,६०,०००।- | मिक्स गिट्टी : ८,००,०००।- (ज.स.बाहेक) | |
| ५८ | १८ | ५४० | १३ | बाँसबारी झमेली चौक उत्तरपूर्व दलित वस्तीको छेउ बाटो RCC ढलान तथा पिच | १३,८०,०००। | बाँसबारी झमेली चौक उत्तरपूर्व दलित वस्तीको छेउ बाटोमा नाला निर्माण र RCC ढलान | |
| ५९ | १८१ | ५८० | १४ | विष्णु टोलको झोलुङ्गे पुलदेखि उत्तर सिंघिया किनार हुँदै विष्णु टोलसम्म माटो पुरी ग्राभेल | ७,८०,०००।- | महतो टोल राम चन्द मण्डलको घरदेखि वीरेन्द्र साहको घर जाने बाटोमा आर.सि.सि. ढलान | |
| ६० | १८२ | ५९८ | १४ | जसमाया ग्राम देवता थान कम्पाउण्ड घेराबेरा | ५,००,०००।- | जसमाया ग्राम देवता थान भवन निर्माण | |
| ६१ | १८१ | ५८४ | १४ | सिद्धार्थ मार्ग रुद्र बहादुर घले सुशिल चौधरीको घर अगाडिको बाटो रिटेनिङ वाल र माटो पुरी ग्राभेल | १०,८०,०००।- | सिद्धार्थ मार्ग रुद्र बहादुर घले सुशिल चौधरीको घर अगाडिको बाटोमा आर.सि.सि. ढलान | |
| ६२ | १८० | ५७२ | १४ | श्री गुरुकुल मा.वि.मा व्यवस्थापन | १,५०,०००।- | (१) दिना यादवको घरदेखि पश्चिम माटो तथा ग्राभेल : रु.१,००,०००।-<br>(२) नयाँ टोल भगवती मन्दिर अगाडि कलभर्ट निर्माण : रु.५०,०००।- | |
| ६३ | १८२ | ६०२ | १४ | शिव मन्दिर रङरोगन | १,५०,०००।- | दिना यादवको घरदेखि पश्चिम माटो तथा ग्राभेल | |
| ६४ | १८० | ५७५ | १४ | विपन्न वर्गको परिवारलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम | २,००,०००।- | नयाँ टोल भगवती मन्दिर अगाडि कलभर्ट निर्माण | |
| ६५ | १८० | ५७४ | १४ | सामुदायिक विद्यालयबाट एस.इ.इ. उत्तीर्णलाई कक्षा ११ र १२ अध्ययनका लागि छात्राहरूलाई छात्रवृत्ति | २,००,०००।- | चक्र बहादुर कार्कीको घर अगाडि माटो पुरी ग्राभेल (पाना नम.१८३, क.सं.६१०) शीर्षकमा थप गर्ने : रु.५०,०००।- | |
| ६६ | १८६ | ६४७ | १५ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | ५,१०,०००।- | (१) कार्यालय सञ्चालन तथा व्यवस्थापन (अत्यावश्यक जनशक्ति व्यवस्थापन समेत) : रु.४,१०,०००।-<br>(२) सशस्त्र प्रहरी बल रानीलाई सवारीसाधन मर्मत तथा इन्धन खर्चको लागि : १,००,०००।- | |
| ६७ | १८७ | ६७० | १६ | बाढी पिडित तथा विपद व्यवस्थापन | ४,००,०००।- | वडाका अति विपन्न परिवारलाई स्वास्थ्य बीमा कार्यक्रम : रु.२,००,०००।- | |
| ६८ | १८७ | ६६८ | १६ | वडा कार्यालय कर्मचारी तथा पदाधिकारीहरूलाई क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण | २,००,०००।- | कार्यालय सञ्चालन तथा व्यवस्थापन : रु.१,००,०००।- | |
| ६९ | १८७ | ६६३ | १६ | विभिन्न स्थानमा नयाँ कलभर्ट ५ थान निर्माण | ११,५०,०००।- | थिर बहादुर तामाङको घरदेखि उत्तर गल्ली सडक स्तरोन्नति (नाला र सडक) | |
| ७० | १८९ | ६८९ | १६ | राम बहादुर लिम्बु, मनोहर कोइराला हुँदै गोपालधन राईको घरसम्म पानी निकासका लागि नाला तथा सडक स्तरोन्नति गर्ने कार्य | ६,००,०००।- | तेज बहादुरको घरदेखि विक्रम थापाको घरसम्म बाटो निर्माण | |
| ७१ | १८९ | ६९८ | १६ | जेष्ठ नागरिकका लागि पार्क तथा चौतारा निर्माण कार्य | ८,०५,०००।- | आधारभूत स्वास्त्य केन्द्र, दरहैयामा ट्रष निर्माण र ग्रिल घेराबेरा | |
| ७२ | २०८ | १६१ | १६ | श्री विराट भजन समूह, विराटनगर १६ को भवन निर्माण | ११,५०,०००।- | राधिका कृष्ण मन्दिर भवन निर्माण | नगरस्तरीय |
| ७३ | २०९ | १७० | १२ र १६ | वडा नम्बर १२ र १६ को सीमानास्थित तालिम केन्द्र चोकदेखि दायाँ आर्या | ३६,००,०००।- | उमाशङ्कर यादवको घरदेखि विशाल लामाको घरसम्म नाला र ढलान सडक स्तरोन्नति | नगरस्तरीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७४ | १९३ | ७५८ | १८ | मोची टोल उत्तर दक्षिण माटो ग्राभेल निर्माण | २,००,०००।- (ज.स.बाहेक) | (१) झटियाही दिनाभद्री मन्दिरदेखि पासवान टोलसम्म बाटो माटो ग्राभेल र कलभर्ट निर्माण : रु.१,००,०००।- (ज.स.बाहेक)<br>(२) राजाजी ग्रामथानमा शौचालय निर्माणका लागि : रु.१,००,०००।- (ज.स.बाहेक) | |
| ७५ | १९२ | ७४१ | १८ | वडाको सार्वजनिक ठाउँमा सार्वजनिक शौचालय निर्माण | ४,६०,०००।- | झटियाही दिनाभद्री मन्दिरदेखि पासवान टोलसम्म बाटो माटो ग्राभेल र कलभर्ट निर्माण | |
| ७६ | १९३ | ७५० | १८ | फोर लाइनको पश्चिम परसा गाछि छेउमा आर.सि.सि. कलभर्ट निर्माण | ११,५०,०००।- | | |
| ७७ | १९२ | ७४४ | १८ | अशोक साहको घरपूर्व डंग्राहा टोल शंकर पासवानको घरसम्म पिच बाटो तथा नालाको ढक्कन समेत | १३,८०,०००।- | अशोक साहको घरदेखि पूर्व डंग्राहा टोल शंकर पासवानको घरसम्मको बाटोलाई आर.सि.सि. ढलान निर्माण | |
| ७८ | १९६ | ८०६ | १९ | रोशन बन्जाराको घरबाट उत्तर जाने बाटो ग्राभेल | ३,६०,०००।- | रोशन बन्जाराको घरबाट उत्तर जाने बाटो रिटेनिङ वाल र ग्राभेल | |
| ७९ | १९७ | ८२२ | १९ | काठेपुलदेखि दक्षिण पासवान टोल हुँदै खद्रापुलसम्म ग्राभेल | ६,००,०००।- | काठेपुलदेखि दक्षिण पासवान टोल हुँदै खद्रा पुलसम्म माटो पुर्ने र ग्राभेल | |
| ८० | १७५ | ४६८ | ११ | अरुणोदय आधारभूत विद्यालय व्यवस्थापन सहयोग | २,००,०००।- | अरुणोदय आधारभूत विद्यालय व्यवस्थापन तथा निर्माण | |
| ८१ | १५० | ६५ | २ | त्रिभूज मार्ग | १२,००,०००।- | वडा कार्यालयबाट दक्षिण जाने सडकमा नाला निर्माण | |
| ८२ | १९९ | १८ | २ | सोमबारे हुँदै माल चन्द सुरानाको घर जाने बाटो | २४,००,०००।- | सोमबारे हटियाबाट वडा कार्यालय हुँदै शङ्करपुर आधारभूत विद्यालय जाने सडक कालोपत्रे | नगरस्तरीय |
| ८३ | १८३ | ६१० | १४ | चक्र बहादुर कार्कीको घर अगाडि माटो पुरी ग्राभेल | १,८३,०००।- | चक्र बहादुर कार्कीको घर अगाडि आर.सि.सि. ढलान बाटो निर्माण | |
| ८४ | २०१ | ५९ | ४ | (खालि) | १०,००,०००।- | लालिगुराँस टोल स्थित शान्ति मार्गमा रिटेनिङ वाल निर्माण (ज.स. समेत हुनेगरी) | त्रुटीवश योजनाको नाम खालि रहन गएको/नगरस्तरीय |
| ८५ | १२७ | ९ | ४ | राधाकृष्ण प्रणामी मन्दिर भवन निर्माण | ३,००,०००।- | डि राम प्रसाद जमुना रेग्मी स्मृति प्रतिष्ठान राधाकृष्ण मन्दिर | संघसंस्थागत पूँजीगत योजना |
| ८६ | १५२ | ९८ | ३ | दियालो मार्गको उत्तर पट्टीबाट रिटेनिङ वाल निर्माण | ८,०५,०००।- | दियालो मार्गको उत्तर पट्टिको बीच बाटो नाला निर्माण | |
| ८७ | १८५ | ६३४ | १५ | श्री श्री १०८ दुर्गा मन्दिर, विराटनगर छाना मर्मत सम्भार | ५,००,०००।- | श्री श्री १०८ दुर्गा मन्दिरको ट्रष र आगन ढलाइ | |
| ८८ | १९४ | ७६७ | १८ | जेहेन्दार विद्यार्थी छात्रवृत्ति सहयोग | १,००,०००।- | नेपाल पिछडा वर्गलाई सिलाइकटाइ तालिम | |
| ८९ | १५२ | १०३ | ३ | रेग्मी टोलको शाखा बाटोमा नाला तथा ग्राभेल निर्माण | २,४०,,०००।- | सुगल भट्टराईको घरदेखि दक्षिण कृष्ण भट्टराईको घरसम्म बीचबाट नाला निर्माण | |
| ९० | १२७ | ७ | ३ | राधारमण प्रणाली सनातन समिति, भवन निर्माण | ११,५०,०००।- | राधाकृष्ण प्रणामी सनातन समिति, भौतिक संरचना निर्माण | नगरस्तरीय |
| ९१ | १४८ | २८ | १ | पराजुलीको घर पूर्व जाने बाटो नाला तथा ग्राभेल | ४,८०,०००।- | पराजुलीको घरपूर्व जाने बाटोमा रिटेनिङ वाल | |
| ९२ | २०९ | १६८ | १९ | विराटनगर १९ थानगाछीमा कल्भर्ट निर्माण | १७,२५,०००।- | विराटनगर १९, थानगाछी सडक स्तरोन्नति | |
| ९३ | २०३ | ९२ | ८ | सुशिक्षा निकुञ्ज पुस्तकालयका संरचना निर्माण | ३,४५,०००।- | बाल पुस्तकालयको ट्रष निर्माण | नगरस्तरीय |
| ९४ | २०७ | १४८ | १४ | मन्तलाल यादवको घरदेखि दक्षिण पश्चिम गौशाला जाने सडक निर्माण | ५,७५,०००।- | श्री जनता बाल आ.वि., विराटनगर १४ को ग्राउण्डमा ब्लक ईँटा लगाउने, झ्याल-ढोका मर्मत, कक्षाकोठा मर्मत, बिजुली वाइरिङ्, पंखा जडान र रङरोगन | नगरस्तरीय |
| ९५ | १४८ | ३१ | १ | दिनकरको घर तर्फ जाने बाटो रि.वाल तथा ग्राभेल | ६,००,०००।- | त्रिकोण मार्गमा बाटो निर्माण कार्य | |
| ९६ | १५५ | १४६ | ३ | क्षमता अभिबृद्धी (जनप्रतिनिधि, कर्मचारीको लागि) | १,००,०००।- | जनप्रतिनिधि तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण | |
| ९७ | २०८ | १५९ | १६ | डिआइजी कार्यालय उत्तर नहरसम्म नाला निर्माण | २३,००,०००।- | डिआइजी कार्यालय उत्तर नहरसम्म नाला निर्माण, विराटनगर १२ | नगरस्तरीय/ वडा नं. फरक पर्न गएकोले सच्याइएको। |
| ९८ | १७६ | ४९८ | १२ | जङगलु मुखियाको घर जाने बाटो नाला तथा ग्राभेल | २,००,०००।- (ज.स.बाहेक) | (क) वडाको विद्युत सामग्री खरिदको लागि : रु.४,००,०००।-<br>(ख) विराट राजवंशी सांस्कृतिक पुस्तकालय जाने बाटोमा कलभर्ट निर्माण : रु.२,५०,०००।-<br>(ग) वडा अन्तर्गतका सडकका खाल्डाखुल्डी पुर्न गिटिको लागि : रु.३,५०,०००।- | |
| ९९ | १७७ | ५२२ | १२ | सगरमाथा टोल राकेश ठाकुरको घर पछाडि अधुरो रिटेनिङ वाल | ४,००,०००।- (ज.स.बाहेक) | | |
| १०० | १७७ | ५२३ | १२ | रामदेव यादवको घरदेखि पूर्व अभिषेक राउतको घरसम्म कच्ची नाला र ग्राभेल | ४,०,०००।- (ज.स.बाहेक) | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०१ | १७८ | ५३८ | १३ | स्वास्थ्य स्वयम्सेविकाहरूलाई यातायात खर्च | १,००,०००।- | दलित महिला उत्थान कार्यक्रम (पाना नं.१७८ को क्र.सं.५३६ मा थप) | |
| १०२ | १६७ | ३३९ | ८ | जेष्ठ नागरिक उत्प्रेरणा | २,००,०००।- | मृत्यु संस्कारका लागि वडा कार्यालय | |
| १०३ | २०६ | १३० | १२ | विराट राजवंशी सांस्कृतिक पुस्तकालयको भवन निर्माण | ५,७५,०००।- | विराट राजवंशी सांस्कृतिक पुस्तकालय कम्प्युटर र फर्निचर खरिद | |
| १०४ | २०८ | १५८ | १६ | मटेरुवा प्रहरी चौकी भवन निर्माण | ५,७५,०००।- | इलाका प्रहरी कार्यालय, रानीमा खानेपानी व्यवस्थापन (वडा नं.१७) | नगरस्तरीय/वडा नं. समेत फरक पर्न गएकोले सच्याइएको। |
| १०५ | २०६ | १३५ | १२ | ज्येष्ठ नागरिक सेवा समितिको भवन मर्मत | २,३०,०००।- | ज्येष्ठ नागरिक सेवा समितिको जग्गामा माटो पुर्ने | नगरस्तरीय |
| १०६ | १५० | ७६ | २ | निजी क्षेत्रको साझेदारीमा स्वरोजगार सृजना कार्यक्रम | ८,००,०००।- | वडाको महत्वपूर्ण स्थानहरूमा सिसिटिभी क्यामेरा जडान | |
| १०७ | १५१ | ९३ | ३ | हिमाली टोलको सहायक मार्गमा नाला निर्माण | ३,४५,०००।- | कुबेर रेग्मीको घर जाने बाटोमा बिचबाट नाला निर्माण | |
| १०८ | १६४ | २९२ | ६ | वडा नं.६ मा आधारभूत स्वास्थ्य केन्द्रमा स्वास्थ्य सामाग्री खरिद | १,००,०००।- | स्वास्थ्य स्वयंसेविकाहरूलाई साइकल वितरण | |
| १०९ | १८७ | ६६२ | १६ | राजु श्रेष्ठको देखि राम थापासम्म अधुरो बाटो पूरा गर्न | १०,००,०००।- (ज.स.बाहेक) | (१) श्री मिल्स मा.वि.लाई सभा हल मर्मत : रु.७,००,०००।- (ज.स. बाहेक)<br>(२) श्री महामाया भगवती आधारभूत विद्यालयलाई शौचालय र झ्याल-ढोका मर्मत : रु.३,००,०००।- (ज.स. बाहेक) | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-२

२) नगरस्तरिय योजना संशोधनको विवरण:-

| क.सं. | बजेट | | वडा नं. | साविकको योजना/कार्यक्रम शीर्षक | विनियोजित रकम | संसोधन/रकमान्तर भई कायम हुने योजना/कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पाना नं. | क.सं. | | | | | |
| १ | १९८ | १३ | २ | एलिट क्लब विराटनगरको भौतिक संरचना निर्माण | ५,७५,०००।- | एलिट क्लब, विराटनगर-७ को भौतिक संरचना निर्माण | वडा नं. फरक पर्न गएकोले सच्याइएको |
| २ | २०३ | ८१ | ७ | नेपाल क्षयरोग निवारण संस्था, भवन निर्माण | ११,५०,०००।- | नेपाल क्षयरोग निवारण संस्था, विराटनगर-७ लाई मेसिनरी तथा उपकरण खरिद : रु.१०,००,०००।- (ज.स.बाहेक) | |
| ३ | १९८ | ४ | १ | जिल्ला प्रहरी कार्यालय मोरङ्गको भवन निर्माण | ११,५०,०००।- | जिल्ला प्रहरी कार्यालय मोरङ्गमा जेनेरेटर जडान : रु.१०,००,०००।- (ज.स.बाहेक) | |
| ४ | २०६ | १३१ | १२ | कोशी युवा स्पोर्ट क्लबद्वारा ट्याम्पु स्टयाण्ड निर्माण | २,३०,०००।- | कोशी युवा स्पोर्ट क्लबद्वारा ट्याम्पु स्टयाण्ड निर्माण, विराटनगर १३ | वडा नं. फरक पर्न गएकोले सच्याइएको |
| ५ | २०३ | ८२ | ७ | नेपाल निजामती कर्मचारी युनियन, भवन निर्माण | ५,७५,०००।- | नेपाल निजामती कर्मचारी युनियन, भवन मर्मत तथा सभाहल व्यवस्थापन | |
| ६ | २०३ | ८९ | ७ | बुद्ध मिलन वाचनालयको भौतिक संरचना निर्माण | ३,४५,०००।- | बुद्ध मिलन वाचनालयको भौतिक संरचना निर्माण, वडा नं.८ | वडा नं. फरक पर्न गएकोले सच्याइएको |
| ७ | २१० | १८१ | | महानगर ई-गभर्नेन्स | ५०,००,०००।- | (१) Enhancement of Revenue management system and PIS under e-governance framework - रु.१५,००,०००।-<br>(२) Online public service management under e-governance framework - रु.१५,००,०००।-<br>(३) EBPS (Electronic Building Permit System) software system खरिद" - रु.२०,००,०००।- | |
| ८ | १२७ | १० | ३ | परोपकार अभियानको भौतिक संरचना निर्माण | ११,५०,०००।- | विराटनगर १ स्थित परोपकार घाटमा सार्वजनिक शौचालय लगायतका भौतिक संरचना निर्माण | |
| ९ | २१० | १८७ | | मदन भण्डारी फाउण्डेसन भौतिक संरचना निर्माण | २३,००,०००।- | नेकपा एमाले पार्टी कार्यालय, मोरङ, विराटनगर ११, पाञ्चाली मर्मतसम्भार तथा रङरोगन | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ५६ | १२८ | | एक वडा एक नेतृत्व विद्यालय विकास | १,००,००,०००।- | (१) श्री जनक आधारभूत विद्यालय, विराटनगर-१८ : रु.४०,००,०००।- | |
| | | | | | | (२) श्री सार्वजनिक माध्यमिक विद्यालय, विराटनगर-१९ : रु.३०,००,०००।- | |
| | | | | | | (३) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम सञ्चालन : वडा नं.१८ का लागि रु.४,००,०००।- र वडा नं.१९ का लागि रु.२,३०,०००।- | |
| ११ | ५० | ७६ | | राष्ट्रिय सहकारी दिवस | २,००,०००।- | सहकारी प्रोफाइल निर्माण | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

अनुसूची-२

) सूचना तथा प्रविधि (IT) तर्फको योजना/कार्यक्रम संशोधन विवरण:-

| सि.नं. | बजेट किताबको पाना नं./सि.नं. | बजेट शिर्षक/ योजना | विनियोजित रकम (रु.) | रकमान्तर गर्ने (रु.) | रकमान्तर/बजेट समायोजन हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १००/४८७ | महानगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा Network Infrastructure (नेटवर्क पूर्वाधार) विकास तथा विस्तार र Inverter खरिद | २०,००,०००।- | ६,००,०००।- | Video Conferencing System को लागि आवश्यक equipments/hardware तथा कक्ष व्यवस्थापन (पाना नं.१००, सि.नं.४८९) शीर्षकमा थप गर्ने : रु.६,००,०००।- | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

अनुसूची-२

४) कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फको बजेट तथा कार्यक्रम संशोधन विवरणः-

| थप | | |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ९५०००० |
| २ | खाद्यान्न | ५००००० |
| ३ | औषधी उपचार खर्च | २६००००० |
| ४ | उपदान | ५८३१००० |
| ५ | सेवा निवृत्तको संचित विदा | २०००००० |
| ६ | वडा मा जनशक्ति परिचालन | १२००००० |
| ७ | वडा नं. १९ स्थित सार्वजनिक मा.वि.मा Computer Learning Environment Center (CLEF) संचालन खर्च | ११६९००० |
| ८ | पोशाक | ३००००० |
| | जम्मा | २३१००००० |

| घट | | |
|---|---|---|
| १ | महंगी भत्ता | ४०००००० |
| २ | सामाजिक परिचालकको पारिश्रमिक | ६००००० |
| ३ | राजस्व फिर्ता | ६००००० |
| ४ | अन्य भत्ता | १२००००० |
| ५ | पदाधिकारी अन्य सुबिधा | १०००००० |
| ६ | घर भाडा | ५०००००० |
| ७ | अन्य भुक्तानी दिन बाकि | १००००००० |
| ८ | भैपरी आउने चालु | ७००००० |
| | जम्मा | २३१००००० |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

५) शिक्षातर्फः-

| क्रं.सं. | हालको बजेट शीर्षक नाम | विनियोजित रकम | संसोधित शीर्षक | विनियोजन गर्नुपर्ने रकम | कैर्फियत |
|---|---|---|---|---|---|
| १ | नि.मा. र मा.वि.मा विषयगत दरबन्दी अति आवश्यक विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान (निरन्तर) | ६१२४३२० | नि.मा. र मा.वि.मा विषयगत दरबन्दी अति आवश्यक विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान (निरन्तर) | ५४२३५२० | सि.नं १२५ पेज ५५ |
| | | | सुत्केरी विदामा बसेका महिला शिक्षक काममा नफर्किउन्जेलका लागि सट्टा शिक्षक अनुदानका लागि थप रकम | ७००८००।- | |
| २ | सामुदायिक विद्यालयमा इ हाजिरी, आधारभूत तहमा इन्टरनेट सुविधाको व्यवस्थापन तथा माध्यमिक विद्यालयका लागि इन्टरनेट क्षमताको विस्तार | २०००००० | सामुदायिक विद्यालयमा इ हाजिरी, आधारभूत तहमा इन्टरनेट सुविधाको व्यवस्थापन तथा माध्यमिक विद्यालयका लागि इन्टरनेट क्षमताको विस्तार | १७००००० | सि.नं १४७ पेज ५७ |
| | | | बालविकास शिक्षक पेशागत दक्षता विकास | ३००००० | |
| ३ | शहिद आधारभूत विद्यालयको भवन निर्माण | ३००००० | शहिद आधारभूत विद्यालय मर्मत तथा रङरोगन | ३००००० | सि .नं २६ पेज १९९ |
| ४ | बाल माध्यमिक विद्यालयको भवन निर्माण | ५००००० | बाल माध्यमिक विद्यालय रानी भवन रङरोगन, झ्यालढोका निर्माण तथा मर्मत | ५००००० | सि .नं १४६ पेज २०७ |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-३

## विराटनगर महानगरपालिका, नगर सभाको एघारौं अधिवेशनबाट स्वीकृत आर्थिक ऐन, २०७९ मा संशोधन तथा परिमार्जनः-

१. नक्सा पास नगरी निर्माण भएका संरचनाको प्राविधिक जाँचपास गरी सम्पत्ति कर लिने तथा त्यस्ता संरचनाहरुमा संचालित व्यवसायहरुको दर्ता गरी बहाल कर समेत लिने।

२. सेफ्टी ट्यांकीबाट ट्रिट्मेन्ट प्लान्टसम्मको शुल्क देहाय बमोजिम लिने।

- सानो गाडि   १ वटाको मासिक रु. ३,०००।–
- ठुलो गाडि   १ वटाको मासिक रु. ४,०००।–

३. सेफ्टी ट्याङ्की सफा गर्ने व्यवसाय दर्ता गर्दा व्यवसाय दर्ता शुल्क रु. ४,०००।– लिने।

४. अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका र महानगरपालिकामा दर्ता भई नवीकरण नभएका व्यवसायहरूलाई महानगरपालिकामा मिति २०७९ फागुन मसान्तसम्म दर्ता तथा नवीकरण गर्दा लाग्ने सबै जरिवानामा छुट गर्ने।

५. ठेलामा राखी व्यवसाय संचालन गरिरहेका व्यवसायलाई दर्ता शुल्क रु.१,०००।- लिई व्यवसाय दर्ता गर्ने।

६. विराटनगर महानगरपालिकामा कुनै पनि फर्म/संस्था सूचिकृत गर्न रु. १,०००।– र मुनाफा रहित संघसंस्था भए रु.५००।- शुल्क कायम गर्ने।

७. विराटनगर महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई घरनक्शा पास दस्तुरमा ५०% छुट दिने।

८. विराटनगर महानगरपालिकामा सन २०१४ मोडल देखिका ई-रिक्शाहरुको प्राविधिक जाँचपासबाट पास भई आएको आधारमा मिति २०८० आषाढ मसान्तसम्म दर्ता तथा नवीकरण गर्ने।

९. नक्सा अभिलेखिकरण भएका संरचनाहरूको नामसारी गर्दा रु.३,०००।– शुल्क लिई नामसारी गर्ने निर्णय गरियो।

१०. सरकारी कार्यालयहरूबाट निर्माण हुने संरचनाको नियमानुसार लाग्ने नक्सा पास दस्तुर लिने।

११. हिमालय रोडमा कार्यक्रम/उत्सव/महोत्सव लगायत सञ्चालन गर्न दैनिक रु.१०,०००।– (पुरै सडक प्रयोग गर्नेको हकमा) र रु.५,०००।– (आंशिक रुपमा प्रयोग गर्नेको हकमा) बहाल शुल्क लिने।

११. सामाजिक कार्यका लागि स्थापना भएका गैर नाफामुलक ट्रष्ट तथा कोषको स्वामित्वमा रहेको सम्पतिमा सम्पतिकर छुट गरिने छ भने वहाल कर, नक्सा पास शुल्क र भूमीकर असुल गर्ने निर्णय गरियो।

१२. शहिद रङ्गशाला भाडामा लगाउन देहाय बमोजिमको भाडादर कायम गर्नेः-

(क) दिउँसो खेलकुद आयोजना गर्दा (प्रतिदिन):

(१) सरसफाई शुल्क – रु.१०,०००।–

(२) बिजुली, पानी, जेनेरेटर तथा अन्य शुल्क – रु.५,०००।–

(म्युजिक सिस्टम तथा अन्य उपकरण चलाउनु परेमा थप विद्युतको युनिट अनुसार शुल्क लाग्नेछ)

(ख) रातको समयमा (तीन घण्टासम्म) खेलकुद आयोजना गर्दा (प्रतिदिन):

(१) सरसफाई शुल्क – रु.१०,०००।–

(२) विद्युत तथा पानी खर्च – रु.१५,०००।–

(३) जेनेरेटर खर्च – रु.५,०००।–

(रातको समयमा लाइट तथा जेनेरेटर समेत चलाउनुपर्ने भएको हुँदा जेनेरेटरमा लाग्ने इन्धन खर्च र लाइट सञ्चालन गर्ने र जेनेरेटर अपरेटरको खर्च आयोजक संस्थाले नै व्यवस्थापन गर्नुपर्नेछ।)

१३. गोबर ग्याँसमा प्रयोग हुने चुल्हो लगायत अन्य फलामे सामान निर्माण गर्ने उद्योगको लागि व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु. ३,०००।– लिने।

विराटनगर महानगरपालिका नगर ... कार्यालय

<u>अनुसूची-४</u>

## विराटनगर महानगरपालिका, नगर सभाको एघारौं अधिवेशन

(मिति : २०७९/०९/२७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(१) एवम् प्रदेश नं.१ सरकारबाट जारी गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३(१) बमोजिम नगर सभाको बैठक सामान्यतया वर्षको दुईपटक मात्र बस्ने व्यवस्था भएकोले नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्काले गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका तपसिल बमोजिमिका निर्णयहरूको अनुमोदन गरियो।

<u>तपसिलः-</u>

| क्र.सं. | निर्णय मिति | निर्णय नं. | निर्णयको ब्यहोरा |
|---|---|---|---|
| १ | २०७९/०६/१२ | ३ | स्थानीय निकायमा २०६४ साल असोज मसान्तसम्म नियुक्त भई अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरूलाई व्यवस्थापन गर्न, निजामती कर्मचारी सरह स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारीहरूको अस्थायी सेवा अवधि बढुवा प्रयोजनका लागि गणना गर्ने लगायतका विषयलाई सम्बोधन गर्नेगरी नेपाल सरकारबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ संशोधन (पाँचौं, २०६९) भएकोमा सोको विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भई सो रिटको सम्बन्धमा मिति २०७४/०९/२१ मा सर्वोच्च अदालत, संवैधानिक इजलासले रिट निवेदन खारेज हुने परमादेश जारी गरेको हुँदा उक्त संशोधित नियमावली बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा स्वीकृत दरबन्दीमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूको स्थायी पदपूर्तिको प्रक्रिया अगाडि बढाउने। |
| २ | २०७९/०६/१२ | ७(ङ) | ICP अगाडि वडा नं.१४/१८ सिमाना सडक एवम् वडा नं. १८ विष्णु टोलमा समेत आवतजावतका लागि कलभर्टको आवश्यकता रहेकोले सो स्थानहरूमा कलभर्ट निर्माण गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी ICP अगाडि वडा नं.१४/१८ सिमाना सडकको कलभर्टका लागि रु.५४,४९,४६२।८५ र वडा नं.१८ विष्णु टोलको कलभर्टका लागि रु.५६,३०,२२७।७७ लागत अनुमान बोजिमको बजेट व्यवस्था गर्ने। |
| ३ | २०७९/०६/२८ | ३ | भौगोलिक क्षेत्र ठूलो रहेको दक्षिणी क्षेत्रको विकासलाई मध्यनजर गर्दै उक्त क्षेत्रको प्रतिनिधित्व गर्ने वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको मागलाई समेत सम्बोधन गर्नेगरी वडा नं.१३, १४, १५, १६, १७ र १८ एवम् वडा नं.१९ समेतलाई गरेर आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.१ करोड बराबरको योजनाहरू थप गरी सञ्चालन गर्ने, र वडा नं.११ को कार्यालय भवन निर्माण (तल्ला थप) योजनाको लागि रु.५० लाख बजेट विनियोजन गरिएकोमा उक्त योजनाको लागत अनुमान विनियोजित रकमभन्दा केही बढ्न गएको हुँदा सोका लागि अपुग रकम व्यवस्था गर्ने। साथै, वडा नं.३ स्थित उदय मार्गमा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.२ करोड बजेट व्यवस्थापन गरी योजना सञ्चालन गर्ने। |
| ४ | २०७९/०६/३० | ४ | विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेटमा नेपाल सरकार, सशर्त कार्यक्रम अन्तर्गत पशु वधशाला स्थापना शीर्षकमा रु.९९,७०,०००।० रकम समेत विनियोजन भएको हुँदा विराटनगर-८ स्थित पशु वधशाला निर्माण कार्यको रु.२७,३९,१९,०३२।९६ र कम्पाउण्ड वाल तथा ग्याबियन कार्यको रु.२,२४,२८,५९२।९९ बराबरको लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अगाडि बढाउने र उक्त आयोजनाको लागि यस आ.व.मा खर्च हुने अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने। साथै, उक्त आयोजनाको लागि आगामी वर्षहरूमा नेपाल सरकार/प्रदेश सरकार वा अन्य दातृ निकायबाट अनुदान प्राप्त |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| ५ | २०७९/०६/३० | ५ | नेपाल सरकार, विशेष अनुदान कार्यक्रम अन्तर्गत महानगर बहुप्राविधिक शिक्षालय भवन निर्माण आयोजना स्वीकृत भई यस आ.व.को लागि रु.३ करोड रकम विनियोजन भएको हुँदा उक्त भवन निर्माण कार्यको रु.१२,७४,९६,३९०।५० बराबरको लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अगाडि बढाउने। साथै, उक्त आयोजनाको लागि आगामी वर्षहरूमा नेपाल सरकारबाट अनुदान प्राप्त नभएमा महानगरपालिकाले बाँकि बजेट व्यवस्था गर्ने। |
| ६ | २०७९/०६/३० | ६ | नेपाल सरकार, विशेष अनुदान कार्यक्रम अन्तर्गत बालबालिका विशेष स्वास्थ्य कार्यक्रम (पोषण) स्वीकृत भई यस आ.व.मा रु.१ करोड रकम विनियोजन भएकोले उक्त कार्यक्रमको प्रस्ताव तथा रु.९,९७,६५,४३३।० को लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अघि बढाउने। साथै, उक्त कार्यक्रमको लागि आगामी वर्षहरूमा नेपाल सरकारबाट अनुदान प्राप्त नभएमा महानगरपालिकाले बाँकि बजेट व्यवस्था गर्ने। |
| ७ | २०७९/०६/३० | १०(क) | वन ऐन, २०७६ को दफा ३५ र नियमावली, २०७९ को दफा ८१ मा भएको व्यवस्था अनुसार निजी वन दर्ता गर्ने अधिकार सम्बन्धित स्थानीय तहको भएकोमा विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७९ मा निजी वन दर्ता शुल्क र रुख कटान सिफारिस दस्तुर समावेश नभएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी निजी वन दर्ता शुल्क रु.३,०००।० र निजी रुख कटान सिफारिस दस्तुर प्रति गोटा रु.२००।० कायम गर्ने। |
| ८ | २०७९/०६/३० | १०(ख) | विराटनगर महानगरपालिका क्षेत्रभित्र नक्सा पास नगरी निर्माण भएका जुनसुकै प्रकृतिको भवनको नक्सा स्वीकृत/नियमित तथा अभिलेखिकरणका लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी वडा नं.१८ र १९ को हकमा प्रति वर्गफिट रु.१२ र अन्य वडाहरूको हकमा प्रति वर्गफिट रु.२४ का दरले दस्तुर लिई नक्सा नियमित/अभिलेखिकरण गर्ने। |
| ९ | २०७९/०६/३० | ११(क) | महानगरपालिका क्षेत्रभित्रको डुबान समस्या, पानी निकास एवम् सरसफाई समेतलाई मध्यनजर गर्दै ठूला तथा प्रमुख नालाहरूको सरसफाई गर्ने र सोका लागि आवश्यकताको आधारमा वडाहरूबाट माग भए बमोजिमका नाला छनौट गरी सरसफाई गर्ने, साथै उक्त कार्यको लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गर्ने। |
| १० | २०७९/०७/०३ | १ | महानगरको गौरवका आयोजना अन्तर्गत रानीमाई पोखरी र मन्ठा पोखरी आयोजनाको लागि यस आ.व.मा रु.१ करोड एवम् बजरङ्गबली मन्दिर आरती साइट निर्माण, वडा नं. २ आयोजनाको लागि रु.१ करोड बजेट विनियोजन गरिएकोमा रानीमाई पोखरीको रु.१०,३२,५५,३०९।१५, मन्ठा पोखरीको रु.११,१९,०३,७१५।२८ र बजरङ्गबली मन्दिर आरती साइट निर्माणको रु.५,४१,७३,८०१।७१ बराबरको लागत अनुमान तथा DPR स्वीकृत गरी बहुवर्षीय आयोजना अनुरुप खरिद प्रक्रिया अगाडि बढाउने र यस आ.व.मा अपुग हुने बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने। साथै, रानी भन्सार नाका छेउमा मोरङ व्यापार संघको साझेदारीमा (महानगरपालिकाको असी प्रतिशत र संघको बीस प्रतिशत) रु.८२,४३,६४०।२४ बराबरको लागत अनुमानको सार्वजनिक शौचालय निर्माण गर्ने र सोको लागि आवश्यक सम्झौता गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयलाई प्रदान गर्ने। |
| ११ | २०७९/०७/०३ | ४ | महानगरपालिका अन्तर्गतका कार्यालय भवन निर्माण गर्न बाँकि रहेका वडा कार्यालयहरूको आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी निर्माण प्रक्रिया अगाडि बढाउने। |
| १२ | २०७९/०७/०३ | ६ | विभिन्न स्थानीय तहहरूसँग आपसी वार्ता गरी न्यूनतम मूल्यमा G to G विधिबाट नदीजन्य पदार्थहरू खरिद गरी उपयुक्त स्थानमा भण्डार गर्ने र विधिपूर्वक वितरण गर्ने एवम् उक्त कार्यको लागि लागत अनुमान अनुसारको बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने। |
| १३ | २०७९/०७/०३ | ७ | महानगरपालिका क्षेत्रभित्र सम्पूर्ण सडकहरूको ROW कायम तथा नामाङ्कन सहित MTMP [illegible] |

| | | | |
|---|---|---|---|
| | | | आवश्यक बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने। |
| १४ | २०७९/०७/०३ | ८(ग) | कार्यालयको बैठक कक्षमा Video Conferencing System व्यवस्थापन गर्न यस आ.व.मा रु.५ लाख बजेट विनियोजन भएकोमा उक्त रकम अपुग भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सोको लागि अपुग रकम रु.१२ लाख थप गर्ने। |
| १५ | २०७९/०७/०३ | ८(ज) | महानगरपालिकाको आवधिक योजना निर्माणका लागि चालु आ.व.मा रु.३० लाख रकम विनियोजन भएकोमा सोमध्ये रु.२० लाखभित्रमा आवधिक योजना निर्माणको खरिद प्रक्रिया अगाडि बढाउने र बाँकि रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी अन्य कार्यक्रममा खर्च गर्ने। |
| १६ | २०७९/०७/०३ | ८(ट) | प्रमुख तथा उप-प्रमुखको सचिवालयमा कार्यरत २/२ जना कर्मचारीहरूलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मासिक तलबको ५० प्रतिशत भत्ता उपलब्ध गराउने। |
| १७ | २०७९/०७/१६ | २ | महानगरपालिका क्षेत्रभित्रका करिब ७०० किमि भित्री सडकहरूको सुधार गरी कालोपत्रे गर्ने (नाला निर्माण समेत) उद्देश्य अनुरुप बहुवर्षीय (४ वर्षे) भित्री सडक सुधार योजना (Inner Road Improvement Plan – IRIP) आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सञ्चालन गर्ने र सोको लागि आवश्यक अध्ययन तथा DPR निर्माण लगायतका कार्य गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने। उक्त योजना अन्तर्गत उत्तरी क्षेत्र २५० किमि, मध्य क्षेत्र १९५ किमि र दक्षिणी क्षेत्र ३०० किमि गरी जम्मा ७४५ किमि सडकको नाला सहित पिच गरी सुधार गर्ने। |
| १८ | २०७९/०७/१६ | ४ | महानगरपालिकाको पूर्व र पश्चिम सिमानामा रहेका सिंघिया र केशलिया खोलाको बहुउपयोगी योजना निर्माणको लागि DPR लगायतका कार्य गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गर्ने। |
| १९ | २०७९/०७/१६ | ८(घ) | चालु आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा भुक्तानी दिन बाँकि योजनाहरू अन्तर्गत विराटनगर ८ स्थित कोशी बचत सहकारी संस्था लि.देखि निरन्जन अधिकारीको घर जाने बाटो निर्माणका लागि रु.५,७५,०००।– रकम विनियोजन हुनुपर्नेमा रु.५,००,०००।– मात्रै विनियोजन भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी अपुग रकम रु.७५,०००।- व्यवस्थापन गर्ने। |
| २० | २०७९/०७/१६ | ८(ङ) | चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा सामुदायिक कुकुर बन्ध्याकरण शीर्षकमा रु.१०,००,०००।– रकम विनियोजन भएकोमा उक्त बजेट अपुग हुने भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सो शीर्षकमा थप रु.१५,००,०००।– रकम व्यवस्थापन गर्ने। |
| २१ | २०७९/०७/१६ | ८(च) | आ.व.२०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा एम्बुलेन्स खरिद तथा सञ्चालन शीर्षकमा रु.६०,००,०००।० रकम विनियोजन भएको हुँदा एक थान एम्बुलेन्स र आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सोही शीर्षकमा अपुग रकम थप गरी एक थान शववाहन खरिद गरी सञ्चालन गर्ने। |
| २२ | २०७९/०७/१६ | ८(झ) | अन्य स्थानीय तहमा दर्ता भई यस महानगरपालिकामा स्थानान्तरण/ ठाउँसारी हुन आउने 'घ' वर्गको व्यवसाय दर्ता गर्दा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.५,०००।० दस्तुर लिने। |
| २३ | २०७९/०७/२९ | १ | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को कार्यान्वयनको सन्दर्भमा विराटनगर महानगरपालिकाको आर्थिक विकास सर्वेक्षण गर्ने एवम् आर्थिक विकास योजना निर्माण गर्ने। र, नगर कार्यपालिकाको मिति २०७९/०७/०३ मा बसेको बैठकबाट आवधिक योजना निर्माणका लागि चालु आ.व.मा रु.३० लाख रकम विनियोजन भएकोमा सोमध्ये रु.२० लाखभित्रमा आवधिक योजना निर्माणको खरिद प्रक्रिया अगाडि बढाउने र बाँकि रकम अन्य कार्यक्रममा खर्च गर्ने निर्णय भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त बाँकि रकमबाट आर्थिक विकास सर्वेक्षणका लागि रु.५ लाख र आर्थिक विकास योजना निर्माणका लागि रु.५ लाख बजेट व्यवस्थापन गर्ने। |
| २४ | २०७९/०७/२९ | ४ | महानगरक्षेत्रको डुबान समस्या र समाधानको सम्भावित उपायहरूको पहिचान गरेर डुबान |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | साथै, वडा नं.३ को डुबान नियन्त्रणका लागि गर्नुपर्ने आवश्यक प्राविधिक कार्यको लागत अनुमान निर्माण गरी/गराई आगामी कार्यपालिका बैठकमा पेस गर्ने। |
| २५ | २०७९/०७/२९ | ८(घ) | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई सेवा निवृत्त हुँदा पाउने उपदान, सञ्चित विदा र औषधि उपचार खर्चका लागि आ.व.२०७९/०८० मा विनियोजित बजेट अपुग हुन गएकोले पारिश्रमिक कर्मचारी बजेट शीर्षकमा विनियोजित रु.२५ करोडमध्ये संघीय सरकार राजस्व बाँडफाँट स्रोततर्फ विनियोजित रु.१५ करोडबाट खर्च हुनेगरी उपदान शीर्षकमा रु.४ करोड, सेवा निवृत्त सञ्चित विदा शीर्षकमा रु.५० लाख र सेवा निवृत्त औषधि उपचार शीर्षकमा रु.६० लाख गरी जम्मा रु.५ करोड १० लाख रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी व्यवस्थापन गर्ने। |
| २६ | २०७९/०७/२९ | ८(ङ) | चालु आ.व.२०७९/०८० मा सडक बत्ति कार्यक्रम (पाना नं.८९, सि.नं.३७८) शीर्षकमा विनियोजित रकम रु.८७ लाखबाट टेन्डर स्वीकृत भई बाँकि रकम रु.२२ लाख रहेकोमा कार्यालयमा १०० के.भी. जेनेरेटर खरिद (पाना नं.८९, सि.नं.३८५) शीर्षकमा रु.२५ लाख रकम विनियोजन भएको र हाल जेनेरेटर खरिद गर्न अत्यावश्यक नरहेकोले उक्त रकमलाई सडक बत्ति कार्यक्रममा शीर्षकान्तर गरी एवम् नगरस्तरीय योजना (अनुसूची-९) अन्तर्गत महानगरको बत्ती व्यवस्थापन (पाना नं.२१०, सि.नं.१९०) शीर्षकमा विनियोजित रकम रु.२० लाखमध्ये खर्च भई बाँकि रहेको रकम रु.१० लाख समेतलाई सडक बत्ति शीर्षकमा शीर्षकान्तर गरी जम्मा रु.५७ लाख बराबरको सडक बत्ती कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने। |
| २७ | २०७९/०७/२९ | ८(छ) | आ.व.२०७९/०८० का लागि वडा नं.८ अन्तर्गत सुशीला पाठकको घरदेखि गणेश बस्नेतको फर्निचर उद्योग भएको बाटोसम्म नालासमेत शीर्षक (पाना नं.१३४, सि.नं.१२७) मा विनियोजित रु.१३,६३,५३१।० , बाल मार्ग र दुर्गा कार्कीको घर भएको अधुरो बाटो शीर्षक (पाना नं. १६८, सि.नं.३५३) मा विनियोजित रु.७,००,०००।० (जनसहभागिता बाहेक) र आरके अस्पताल चोकदेखि जय नेपाल चोकसम्म नाला र ग्राभेल शीर्षक (पाना नं.२०४, सि.नं.९६) मा विनियोजित रु.२०,००,०००।० (ज.स.बाहेक) रकमलाई एकीकृत गरी संयुक्त रुपमा ठेक्का प्रक्रियाबाट निर्माण कार्य गर्ने/गराउने र उक्त कार्यको लागि अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने। वडा नं.८ अन्तर्गत नै सिवाकोटी मार्गमा आर.सि.सि. स्ल्याब तथा पिच शीर्षक (पाना नं.१३४, सि.नं.१२२) मा विनियोजित रु.६,८६,७७०।० र केशव निरौलाको घर जाने बाटो शीर्षक (पाना नं.१४३, सि.नं.३६८) मा विनियोजित रु.५,७५,०००।० रकमलाई समेत एकमुस्ट गरी संयुक्त रुपमा ठेक्का प्रक्रियाबाट निर्माण कार्य गर्ने/गराउने र उक्त कार्यको लागि अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने। |
| २८ | २०७९/०७/२९ | ८(ज) | कर्मचारी व्यवस्थापन सम्बन्धी सर्वोच्च अदालतको परमादेश कार्यान्वयन सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७९/०६/१२ मा बैठकबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ मा भएको व्यवस्था बमोजिम पदपूर्ति समितिको अध्यक्षमा श्री दिलिप कुमार चापागाईंलाई मनोनीत गरिएकोमा निजको सट्टा श्री मनोज घिमिरेलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी पदपूर्ति समितिको अध्यक्षमा मनोनयन गर्ने। |
| २९ | २०७९/०९/१७ | ६ | विराटनगर महानगरपालिका वडा नं.११ स्थित नहर लगायतको सौन्दर्यकरणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने प्रक्रिया अगाडि बढाउने। साथै, वडा नं.११ स्थित शिव बाबा मार्गमा पिच निर्माणका लागि सडक बोर्डबाट विनियोजित रकम अपुग भएकोले उक्त सडक पिच निर्माण गर्न लागत अनुमान अनुसारको रु.१६,३३,८४६।४२ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्ने। |
| ३० | २०७९/०९/१७ | ९(घ) | विराटनगर महानगरपालिका, ७ नं. वडा कार्यालयबाट पूर्वतर्फ स्मशान घाट (विश्रान्ती) जाने सडकको दायाँबायाँतर्फ नालाको व्यवस्था नभएको कारण बर्षायाममा पानी निकास हुन |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | | आर.सी.सी. नाला निर्माणको लागि रु.१ करोडमा नबढ्नेगरी प्राविधिक लागत अनुमान तयार गरी कार्य प्रक्रिया अगाडि बढाउने र सोको लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गर्ने। |
| ३१ | २०७९/०९/१७ | ९(ङ) | विराटनगर १३ स्थित विराटनगर आँखा अस्पताल अगाडिको बाटो पिच तथा नाला निर्माण गर्नु अत्यावश्यक भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी निर्माण प्रक्रिया अगाडि बढाउने। |
| ३२ | २०७९/०९/१७ | ९(च) | विराटनगर महानगरपालिका, ६ नं. वडा कार्यालयको उपयुक्त भवन नभएकोले कार्यालयको दैनिक सेवा प्रवाहमा कठिनाइ भइरहेको हुँदा हाल प्रयोजनमा रहेको पूरानो भवन निश्चित समयमा प्रक्रिया पुऱ्याई लिलामी गर्ने र आगामी नगर सभाबाट आवश्यक बजेट व्यवस्था गर्नेगरी नयाँ कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढाउने। |
| ३३ | २०७९/०९/१७ | ९(छ) | वडा नं.६ स्थित जुनेली मार्गमा ३६० मिटर सडक पिच निर्माण कार्य भइरहेको र बजेट अपुग भई उक्त मार्गको केही भाग पिच गर्न नसकिने भएका कारण बाँकि रहेको १३५ मिटर सडक खण्ड पिच गर्ने र सोको लागि अपुग रकम रु.१७,०८,०७७।८४ आगामी नगरसभाबाट अनुमोदन हुनेगरी व्यवस्था गर्ने। साथै, वडा नं.६ स्थित नै बि.एफ.एम.अगाडिको बाटो शान्ति चोकदेखि केशलिया रोडसम्मको सडक पिच निर्माण गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.१,६०,००,०००।० बजेट व्यवस्था गर्ने। |
| ३४ | २०७९/०९/१७ | ९(ज) | वडा नं.४ स्थित एयरपोर्ट रोडमा Road Marking Paint कार्य गर्नका लागि लागत अनुमान अनुसारको रु.९,९९,८२१।८२ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.८१/सि.नं.३२५ को House number plating and road signage शीर्षकबाट व्यवस्था गर्ने। |
| ३५ | २०७९/०९/१९ | २(ग) | वडा नं.१/३ अन्तर्गतको पुष्पलाल चोकदेखि दक्षिण सडकमा Road Marking Paint कार्य गर्नका लागि लागत अनुमान अनुसारको रु.९,९९,५४०।८३ रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी आ.व. २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.८१/सि.नं.३२५ को House number plating and road signage शीर्षकबाट व्यवस्था गर्ने र उक्त शीर्षकमा बाँकि रहेको रकम सोही शीर्षकमा खर्च गर्ने। |
| ३६ | २०७९/०९/१९ | २(घ) | मिति २०७९/०७/०३ मा बसेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार सेवा परिवर्तन मार्फत व्यवस्थापन गरिएका नगर प्रहरी जवानहरूका लागि १७ (सत्र) सेट प्रहरी पोशाक खरिद गर्न आवश्यक बजेट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी विविध शीर्षकबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३७ | २०७९/०९/१९ | २(ङ) | आ.व.२०७९/०८० को बजेट तथा कार्यक्रममा नगरस्तरीय योजना अन्तर्गत (बजेट किताबको पाना नं.२०३, क्र.सं.८०) वडा नं.६ स्थित एकता मार्ग ग्राभेल तथा नाला निर्माण शीर्षकमा रु.६,००,०००।० रकम विनियोजन भएकोमा सो योजना कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान रु.११,५६,३२७।९२ हुन आएकोले अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्ने। |
| ३८ | २०७९/०९/१९ | २(च) | विराटनगर महानगरपालिका वडा नं.८ स्थित देहायका बाटो तथा नालाहरू तत्कालै निर्माण गर्नु जरुरी रहेकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गरी देहाय बमोजिमका आयोजनाहरू सञ्चालन गर्ने।<br>(१) मोहमद समसुरको घरदेखि पूर्व सिंघिया खोलासम्म नाला – रु.२०,००,०००।–<br>(२) समावेशी मार्ग कुमोद अधिकारी र कमल अधिकारीको घर जाने बाटो पिच – रु.३०,००,०००।–<br>(३) रामु राजवंशीको घरदेखि पूर्व विनोद यादवको घरसम्म नाला निर्माण – रु.४०,००,०००।–<br>(४) त्रिशक्ति चोक/मार्गमा रिटेनिङ वाल – रु.१०,००,०००।- |
| ३९ | २०७९/०९/२६ | २(ख) | विराटनगर महानगरपालिका र आकृति एड्भरटाइजिङ्बीच ट्राफिक आइल्याण्ड र बस बिसौनी निर्माण गर्न सम्झौता भएकोमा सम्झौता अनुसार निर्माण कार्य भए/नभएको र [illegible] |

| | | | |
|---|---|---|---|
| | | | २०७९/०७/०३ को कार्यपालिकाबाट गठित अध्ययन समितिबाट ६ स्थानमा ७ थान बस बिसौनी र २ स्थानमा ट्राफिक आइल्याण्ड निर्माण सम्पन्न भएको एवम् कोभिड-१९ (कोरोना) महामारीका कारण भएको लकडाउन तथा प्राविधिक रुपले उपयुक्त स्थान उपलब्ध हुन नसकेकाले सम्झौता बमोजिम निर्माण हुन नसकेको भनी प्रतिवेदन पेस भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी हालसम्म निर्माण सम्पन्न भएका बस बिसौनी तथा ट्राफिक आइल्याण्डहरूको निर्माण सम्पन्न भएकै मितिबाट लागु हुनेगरी र वार्षिक दश प्रतिशत वृद्धि हुनेगरी सम्झौता बमोजिमको कर असुलउपर गर्ने र उक्त सम्झौता रद्द गर्ने। |
| ४० | २०७९/०९/२६ | २(ग) | भुक्तानी दिन बाँकि योजना अन्तर्गत वडा नं.२ स्थित सोमबारे हाट सडकमा ग्राभेल तथा नाला निर्माण योजना विवादका कारण लागत अनुमान समेत संशोधन गर्नुपर्ने भई सम्झौता बमोजिमको अवधिको कार्य सम्पन्न हुन नसेकोले एवम् वडा नं.२ अन्तर्गत नै त्रिभुज मार्गमा आर.सि.सि. नाला र कल्भर्ट निर्माण योजना साइट क्लियरेन्स लगायतका कारणले समयसीमाभित्र निर्माण सम्पन्न हुन नसकेकाले वडा कार्यालयको सिफारिस बमोजिम उक्त योजनाहरूको सम्झौता अवधि २०७९ फागुन मसान्तसम्म थप गर्ने, साथै, वडा नं.२, भुक्तानी दिन बाँकि योजना अन्तर्गत नै जनता मा.वि. अगाडि सार्वजनिक शौचालय सहित पार्क निर्माण योजनाको मुद्दा लगायतका कारणले सम्झौता बमोजिको समयसीमाभित्र निर्माण सम्पन्न हुन नसकेकाले उक्त योजनाको सम्झौता अवधि २०७९ चैत्र मसान्तसम्म थप गर्ने। |
| ४१ | २०७९/०९/२६ | २(घ) | आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा वडा नं.३ को वडास्तरिय योजना अन्तर्गत वडा कार्यालयको तल्ला थप शीर्षक (पाना नं.१५५, क्र.सं.१४७) मा रु.५,७५,०००।– रकम विनियोजन भएको र भुक्तानी दिन बाँकि योजना अन्तर्गत वडा कार्यालयमा कोठा थप (वडा नं.३) शीर्षक (पाना नं.१३९, सि.नं.२५१) मा रु.१२,५१,२५०।– रकम दायित्व सरी आएकोमा उक्त वडा कार्यालयको तल्ला तथा कोठा थप कार्यका लागि प्राविधिकबाट रु.५७,५१,०२८।– रकम बराबरको लागत अनुमान पेस भएकोले जिल्ला समन्वय समिति, मोरङबाट प्राप्त हुन बाँकि रु.३०,७०,५९४।– समेत सो वडा कार्यालय भवन निर्माण कार्यमा खर्च गर्ने र बाँकि अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार शीर्षकबाट व्यवस्था गर्ने। |
| ४२ | २०७९/०९/२६ | २(ङ) | विराटनगर महानगरपालिका वडा नं.११ स्थित पाञ्चाली र बुद्ध बिहार मार्गमा **Box Culvert** निर्माणका लागि प्राविधिकबाट प्राप्त लागत अनुमान बराबरको रु.९०,६९,५९३।– रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मत सम्भार कोषबाट व्यवस्था गर्नेगरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने। |
| ४३ | २०७७/१०/१४ | ७ | विकास निर्माणको कार्यमा उपभोक्ता समितिबाट गरिने कार्यमा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिमको संसोधित जनसभागिता गराउने।<br>(क) माटो पुर्ने कार्यको लागि : ३० प्रतिशत<br>(ख) ग्राभेल : २० प्रतिशत<br>(ग) ईंटा जोड्ने/आर.सि.सि. गर्ने कार्यको लागि : १५ प्रतिशत<br>(घ) कालोपत्रे गर्ने कार्य : १५ प्रतिशत<br>(ङ) कालोपत्रे सहित मिश्रित कार्य : १५ प्रतिशत<br>(च) यी बाहेक अन्य कार्यको हकमा : २० प्रतिशत |
| ४४ | २०७७/१२/३० | २(ङ) | चालु आ.व.मा संघीय र प्रदेश सरकारबाट प्राप्त योजना/कार्यक्रमहरू सञ्चालनका लागि कार्यविधिले नतोकिएको हकमा लागत जनसहभागिता न्यूनतम १० प्रतिशत कायम गर्ने। साथै, सामुदायिक विद्यालय, परम्परागत धार्मिक विद्यालय (मदरसा, गुरुकुल लगायत) र मठ-मन्दिरलगायतका धार्मिक स्थलहरूमा योजना सञ्चालनका लागि लागत जनसहभागिता अनिवार्य नगर्ने। |
| ४५ | २०७८/०२/२५ | ३ | महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको भवन निर्माण कार्य उपभोक्ता समिति |

अनुसूची-५

# महानगर बहुप्राविधिक शिक्षालय

आ.व.२०७९।०८० को वार्षिक आय अनुमान:

| सि. नं | आम्दानी शिर्षक | बार्षिक आय अनुमान |
|---|---|---|
| १ | गत वर्षको मौज्दात | ११५००००० |
| 2 | गत बर्षको OJT तालीमको मौज्दात | २८०००० |
| ३ | संघिय सरकार बाट प्राप्त अनुदान, समपूरक | ३०००००० |
| ४ | वि.म.न.पा बाट प्राप्त अनुदान | १०००००० |
| ५ | सि टि ई भि टि बाट प्राप्त | २०००००० |
| ६ | विद्यार्थि भर्ना शुल्क | ५२८०००० |
| ७ | धरौटि शुल्क | ९६०००० |
| ८ | प्रथम बर्ष प्रथम खण्ड शुल्क(२०७९) | ३४४०००० |
| ९ | प्रथम बर्ष दोस्रो खण्ड शुल्क(२०७९) | ३४४०००० |
| १० | प्रथम बर्ष दोस्रो खण्ड शुल्क(२०७८) | २१६०००० |
| ११ | दोस्रो वर्ष प्रथम खण्ड शुल्क(२०७८) | २१६०००० |
| १२ | दोस्रो वर्ष प्रथम खण्ड शुल्क(२०७७) | २०८०००० |
| १३ | दोस्रो वर्ष दोस्रो खण्ड शुल्क(२०७७) | २०८०००० |
| १४ | सि टि ई भि टि भर्ना आवेदन शुल्क, रजिस्टेसन शुल्क, परीक्षा शुल्क र अन्य शुल्क | ९००००० |
| १५ | OJT तालिम बाट प्राप्त | ११२०००० |
| १६ | औधोगिक प्रशिक्षण तालीम बाट प्राप्त | ३७१६३८० |
| | | ८,११,१६,३८० |

बिराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

# महानगर बहुप्राविधिक शिक्षालय

आ.व. २०७९।०८०

<u>संशोधित खर्च विवरण:-</u>

| सि. नं | प्राथमिकता नं | कार्यक्रमको नाम | बजेट अनमान रु | मुख्य मुख्य क्रियाकलापहरु | बजेट पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|
| | | | चालु | | |
| १ | २१११ | कर्मचारी पारिश्रमिक | ९५००००० | स्थायि, अस्थाई, करारका सम्पूर्ण कर्मचारी को परिश्रमिक | निर्देशक १, प्राचार्य १, प्रशिक्षक, प्रशासन अधिकृत १, लेखापाल १, प्रशासन सहायक १,ल्याव वोई र वर्कशप वोई ३, लाईव्रेरीयन १, ड्राईभर हेभि २, ड्राईभर लाइट १, हेल्पर १, स्यूपर क्लिनर १, का स २, द्वारपाल १ |
| २ | २११२१ | पोषाक | २००००० | कर्मचारीको पोषाक | सम्पूर्ण कर्मचारीलाई पोषाक |
| ३ | २११३२ | महंगी भत्ता | २००००० | शिक्षालयको कर्मचारीहरुलाई नियमअनुसार | बिराटनगर महानगरपालीकाले तोके बमोजिम संचालक समितीको निर्णय अनुसार |
| ४ | २११३४ | बैठक भत्ता | ३००००० | शिक्षालयको संचालक समितीको बैठक भत्ता, अन्य बैठक भत्ता | बार्षिक अनुमानित २४ पटक सचालक समिती तथा १२ पटक शिक्षालय बैठकका लागि |
| ५ | २११३९ | अन्य भत्ता | २००००० | स्थानीय भत्ता, प्राविधिक भत्ता, अतिरीक्त भत्ता समेत | संचालक समितीको निर्णय अनुसार बिराटनगर महानगरपालीकाले तोके बमोजिम |
| ६ | २२१०१ | पानी तथा विजुलि | २००००० | खानेपानी तथा बिधुत प्राधिकरण लाई बुझाईने बार्षिक बिल | १२ महिनाको पानी तथा विजुलि |
| ७ | २२११२ | संचार महशुल | ६०००० | ईन्टरनेट तथा टेलिफोन खर्च | १२ महिनाको ईन्टरनेट तथा टेलिफोन खर्च |

बिराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | २२२११ | इनधन | २५०००० | कर्मचारीलाई इनधन अधिकतम मासिक १० लि, र कर्मचारी स्तरको नियम वमोजिम | तीन विद्यालय शिक्षालय संचालनमा रहेका नियमित संचालन अनुगमन गर्न कर्मचारीलाई ईन्धन उपलब्ध गराउने |
| ९ | २२२१२ | इन्धन कार्यलय प्रयोजन | २००००० | शिक्षालयको बस तथा कार्यालयको लाईट भेईकल को इन्धन | विद्यार्थी तथा कर्मचारी बोक्ने सवारी साधनको लागि |
| १० | २२२१३ | सवारी साधन मर्मत खर्च | १००००० | कार्यलयको सवारीसाधन मर्मत गर्नु परेमा | कार्यलयको सवारीसाधन मर्मत |
| ११ | २२२२१ | मेसिनरी औजार मर्मत सम्भार तथा संचालन | १२०००० | कार्यलयका ईलेक्ट्रोनिक्स,इलेक्टिकल, मेकानिकल मेसिनहरु मर्मत सम्भारका लागि | कार्यलयको कम्प्यूटर, प्रीन्टर फोन, ल्यावका मेसिनहरु मर्मत |
| १२ | २२३११ | मसलन्द तथा कार्यालय साम ाग्री | १०००००० | कार्यलयमा आवश्यक सम्पूर्ण स्टेसनर ी सामाग्री खरीद | कार्यलयको प्रशासनिक कार्यको लागी स्टेसनरी सामाग्रि |
| १३ | २२३१५ | पत्रपत्रिका छपाई( परीक्षा समेत) तथा अन्य सूचना प्रशारण खर्च | ५००००० | वार्षिक पत्रपत्रिका खरीद, प्रश्नपत्र उत्तरपुस्तीका छपाई, विज्ञापन आदि | विभिन्न विज्ञापन, सूचना, प्रश्नपत्र आदि छपाईका सम्पूर्ण काम |
| १४ | २२३१९ | सेवा र परामर्श खर्च | ७०००००० | आंशिक प्रशिक्षक, पूर्वाधार डिजाईन परामर्श सेवा | कक्षा संचालनका लागि लिइएको आंशिक प्रशिक्षक प्रति सेमिस्टर पारिश्रमिक शिक्षालयको अब वन्ने भौतिक पूर्वाधारको डिजाईनका लागि |
| १५ | | पदपूर्ति समिती खर्च | ८००००० | नया कर्मचारीको पदपूर्तिको प्रक्रिया संचालनमा | शिक्षालयमा आवश्यक थप कर्मचारी पदपूर्ति को प्रक्रियाको लागि पुरानो दायित्व समेत |
| १६ | | परीक्षा संचाल न खर्च | ५००००० | विद्यार्थीको आन्तरिक परीक्षा संचालनको लागि | प्रत्येक सेमिस्टरमा २-२ लिखित तथा प्रयोगात्मक परीक्षा संचालन का लागि |

विराटनगर महानगरपालिका नगर ... कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | कार्यक्रम खर्च | ४००००० | शिक्षालयको उद्घाटन कार्यक्रम, बार्षिक कार्यक्रम,अविभावक संग को कार्यक्रम | शिक्षालयको बर्षमा १ पटक वार्षिक सांस्कृतिक कार्यक्रम सहित यो बर्ष उदघाटन कार्यक्रम समेतका लागि, साथै सरस्वती पुजा तथा Welcome Farewell तथा Orientation का लागि |
| १८ | | सि. टि.ई.भि.टि भर्ना आवेदन शुल्क, रजिस्ट्रेसन शुल्क, परीक्षा आवेदन शुल्क | ९००००० | CTEVT लाई प्रति प्रशिक्षार्थि बुझाइने | प्रशिक्षार्थि सगै संकलन गरी रकम CTEVT लाई बुझाउने |
| १९ | २२६१२ | दैनिम तथा भ्रमण भत्ता | २००००० | प्रशिक्षार्थि वा कर्मचारीको भ्रमणको लागि | शैक्षिक भ्रमण ४ फ्याकल्ट्रिको, अन्य भ्रमण |
| २० | २२१३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १००००० | आवश्यक परेको खण्डमा कर्मचारीको मनोवल वृद्धिको लागि छुट्याइएको | उत्कृस्ट कर्मचारीलाई प्रोत्साहन स्वरुप प्रदान गर्न सकिने |
| २१ | २२३१९ | अन्य कार्यलय संचालन खर्च | ५०००० | कार्यलय संचालनका लागि अन्य शिर्षगत खर्च | |
| २२ | २२७११ | विविध खर्च | २००००० | शिर्षक विहिन खर्च आईपरेको खण्डमा | उल्लेखित शिर्षक वाहेकका खर्च,अतिथि सत्कार चियापान, उपहार, चाडपर्व पूजाआजा, तथा भैपरी आउने अन्य शिर्षक विहिन खर्च |
| २३ | | प्रचार प्रसार खर्च | २००००० | शिक्षालयको विज्ञापन तथा प्रचार प्रसारका लागि | होडिङबोर्ड, पोस्टर, फ्लेक्स मार्फत शिक्षालयको प्रचार प्रसार गर्न |
| २४ | | सवारी साधन तथा मेसिनरी औजार | १३०००० | शिकाई प्रशिक्षण को क्रममा मेसिनरी तथा सवारीसाधन | गाडि, मेसिनरी औजार तथा अन्य सवारी साधन भाडामा लिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भाडामा | | भाडामा | |
| २५ | | खेलकुद कार्यक्रम | १००००० | प्रशिक्षार्थि को लागि खेलकुदका कार्यक्रम | अतिरीक्त क्रीयाकलाप अन्तरगत खेलकुदका कार्यक्रम संचालनका लागि |
| २६ | | अडिट खर्च | ५०००० | आ.व को अन्त्यमा अडिट गराउन | आर्थिक कारोवारको अडिटर बाट अडिट गराउन |
| २७ | २८१४२ | घर भाडा | २००००० | शिक्षालय संचालनको क्रममा घर तथा कोठा भाडामा लिन | हाल संचालनको क्रममा शिक्षालयलाई शिक्षण शिकाई ल्याव व्यवस्थापनको लागि आवश्यक कोठा भाडामा |
| २८ | | प्रदर्शन मेला आयोजना | २००००० | शिक्षालयको प्रचार प्रसारको लागि प्रदर्शन मेला आयोजन गर्न | भर्ना सम्वन्धी परामर्श तथा सल्लाह दिने, उच्च गुणस्तरको प्रँविधिक शिक्षा सम्वन्धी जनचेतनाको लागि |
| २९ | २२२१४ | विमा तथा नविकरण | १३०००० | आवश्यक सम्पूर्ण जिवन तथा र्निजिवन विमा को लागि | शिक्षालयका सम्पूर्ण खटि एका कर्मचारी, प्रशिक्षक, प्रशिक्षार्थि को जिवन विमा, ल्यावका तथा कार्यालयका सम्पूर्ण उप करणको पूर्ण विमाको लागि |
| ३० | | पर्यटन भ्रमण | ३००००० | प्रशिक्षार्थि तथा कर्मचारीको भ्रमणको लागि | आन्तरिक पर्यटन भ्रमण, तालिम, अन्तर शिक्षालय भ्रमण खर्च |
| ३१ | २२६१३ | विशिस्ट व्यक्ति तथा प्रतिनिधि मंडलको भ्रमण खर्च | १००००० | विशिष्ट ब्यक्तिको आगमन को लागि | विशिष्ट व्यक्तिको यातायात, होटलबास तथा अतिथि सत्कारमा लाग्ने अन्य खर्च |
| ३२ | २११२३ | औसधि उपचार खर्च | ५०००० | शिक्षालयका प्रशिक्षार्थि तथा कर्मचारीहरुको औसधि उपचार खर्च | आकस्मिक आउन सक्ने प्रशिक्षार्थि कर्मचारी दुर्घटना, तथा नियमवमोजिम को उपचार खर्च |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | | शिक्षक तथा कर्मचारी तालिम | १५०००० | शिक्षालयका प्रशिक्षक तथा कर्मचारी को लागि तालिम | कार्य गुणस्तर सुधार्नको लागि प्रशिक्षक तथा कर्मचारीलाई विज्ञ द्धारा परामर्श तथा आवश्यकता वमोजिम तालिम |
| ३४. | | अन्य साहायता ( सामाजिक उत्तरदायित्व | १०००० | | सानोतिनो सहयोग स्वरुप सामाजिक उत्तरदायित्व वहन गर्ने GESI सम्बन्धि कृयाकलाप |
| | | OJT तालीम | १४००००० | तालीम संचालनकालागी आवश्यक खर्चहरु | तालीम संचालनमा खटिने संयोजक, प्रशिक्षक लगायत अन्य कर्मचारीहरूको पारिश्रमिक साथै प्रशिक्षार्थीको खाजा खर्च, बिज्ञापन, छनौट, प्रर्योगात्मक शिक्षण सामाग्री, ब्यबस्थापन आदि अन्य सम्झौता बमोजिम, पुरानो दायित्व समेत |
| ३६ | | औधोगिक प्रशिक्षण तालीम | ३७१६३८० | तालीम संचालनकालागी आवश्यक खर्चहरु | तालीम संचालनमा खटिने संयोजक, प्रशिक्षक लगायत अन्य कर्मचारीहरूको पारिश्रमिक साथै प्रशिक्षार्थीको खाजा खर्च, बिज्ञापन, छनौट, प्रर्योगात्मक शिक्षण सामाग्री, ब्यबस्थापन आदि अन्य सम्झौता बमोजिम |
| | | | २९७६६३८० | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| पूँजिगत खर्च | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | ३११११२ | विद्यालय भवन निर्माण तथा मर्मत सम्भार | ४१०००००० | नया भवन निर्माणका लागि | नया उपलब्ध जग्गामा हाल भवन तथा टहरा निर्माण थालनिका लागि साथै मर्मत संभार |
| २ | ३१११५ | फर्निचर तथा फिक्चरर्स | ७००००० | आवश्यक फर्निचर तथा फिक्चर्सहरु थप हुने कर्मचारी तथा प्रशिक्षार्थिका लागि | थप हुने कर्मचारी तथा प्रशिक्षार्थिका लागि फर्निचर तथा अन्य सामाग्रि |
| ३ | ३११२१ | सवारी साधन | ६५००००० | स्कुल बस खरीदका लागि | शिक्षालयको लागि अत्यावश्यक सवारी साधन खरीदका लागि |
| ४ | ३११२२ | मेसिनरी तथा औजार | ५००००० | आवश्यक मेसिनरी सामाग्रि खरीद | इनभर्टर, ए सि, जेनेरेटर, डिजिटल बोर्ड, ल्यापटप, प्रोजेक्टर, पंखा, ईन्टरेक्टिभ डिस्प्ले प्यानल, सिसि टिभि क्यामरा, प्रिन्टर, ल्यापटप, डेक्सटप कम्प्यूटर, |
| ५ | ३११३४ | कम्प्यूटर सफ्टवेर निर्माण तथा खरीद | १५०००० | प्रशिक्षार्थि तथा लेखा शाखाका लागि आवश्यक सफ्टवेर निर्माण तथा खरीद | Account software, Student database website |
| ६ | | लाईव्रेरी खर्च | ५००००० | दोस्रो सेमिस्टर तथा दोस्रो वर्षका प्रशिक्षार्थिलाई आवश्यक थप पुस्तक खरीद | सम्पूर्ण सेमिस्टर मा सवै faculty का लागि |
| ७ | | ल्यावको सामान खरीद | २०००००० | ४ फ्याकल्टिको ल्यावको सामान खरीद | सिभिल, जियोमेटिक्स, ईलेक्टिकल, ईलेक्ट्रोनिक्स, कम्प्युटर ल्यावको सामान खरीद |
| | | | ५१३५०००० | | |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

## अनुसूची-६

| बेरुजु दफा नं | निर्णयको ब्यहोरा | रकम |
|---|---|---|
| | **आ.व. २०७७।०७८** | |
| **३१** | महानगरपालिकाले विराटनगर महानगरपालिकाका कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्वन्धी ऐन २०७५ लागु गरी दफा ६४ मा अस्थायी तथा करारका कर्मचारीहरुको मासिक तलव वाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम र विमा वापतको रु ४००।- मासिक कट्टि गरी सोहि वरावरको रकम थप गरी जम्मा गरेकोमा यो वर्ष अस्थायी र करार तर्फका ८६ जना कर्मचारीको लागी रु २५१०६०४।- खर्च लेखेकोमा महानगरपालिका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन २०७५ संघीय र प्रदेश कानुन विपरित स्थानिय तहले कानुन निर्माण गरी गरेको खर्च अनियमित भनी वेरुजु कायम हुन आएकोमा महानगरपालिकाको कर्मचारी व्यवस्थापन सम्वन्नधी ऐन २०७५ मा व्यवस्था भए वमोजिम संन्चयकोष र विमा वापतको रकम कट्टि गरी उपलव्ध गराईएको हुंदा उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो । | २५१०६०४।- |
| **३४** | महालेखा परीक्षकको कार्यालय वाट वेरुजुको दफा ५७ मा नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रिसियन, चौकिदार, माली, वगैचे, पद वाहेक ईन्जिनियर, सव ईन्जिनियर,खरिदार,अमिन लागयतका पदमा १३७ जना कर्मचारी नियुक्ति गरी खर्च लेखेको भनी औंल्याईएको वेरुजुका सम्वन्धमा हाल लोकसेवा आयोगको वाट पदपुर्ति भई नआएको हुंदा महानगरको कार्य क्षेत्र र कार्यक्रम लाई ध्यानमा राखि कर्मचारी अभावका कारणले कार्यालयको दैनिक कामकाज गर्न असहज भई रहेको अवस्थामा हाललाई आवश्यक कर्मचारीहरु करारमा नियुक्ति गरी कामकाजमा लगाई रहेकोले यस दफामा उल्लेख भएको वेरुजु नियमित गर्ने निर्णय गरियो । | रु ४७८२४४७०।- |
| **३५** | महानगरपालिकाले करार सेवामा नियुक्ति गरेका १९६ जना कर्मचारीहरु लाई मन्त्रालयले दिएको निर्देशन विपरित स्थायी कर्मचारी सरह महंगी भत्ता भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको भनी वेरुजु औल्याईएकोमा सो सम्वन्धमा कर्मचारीहरुको मनोवल उच्च राख्न अन्य स्थायी कर्मचारी सरह निजहरुलाई आन्तरिक श्रोतवाट व्यहोर्ने गरी महंगी भत्ता भुक्तानी दिएकोले यस दफामा उल्लेख भएको वेरुजु नियमित गर्ने निर्णय गरियो । | ४७०४०००। |
| ४२ | फोहोरपानी प्रशोधन केन्द्रको २०७७ श्रावण र भाद्र महिनाको विधुत महसुल रु ३३६७७२। मा जरिवाना वापतको रकम रु ८२८६९। थप गरी भुक्तानी दिएको देखिएकोले महसुल ढिला वुझाउदा थप व्ययभार पर्न गएको रकम नियम सम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोले सो सम्वन्धमा कहिले काहि कार्यालयको र  प्राधिकरणको सिष्टमले काम नगर्दाको अवस्था र कहिले काहि कार्यालय प्रमुख वा लेखा प्रमुखको तालिम गोष्ठि भएको कारणले गर्दा सो हुन गएको र सो महिना भन्दा पछाडि यस किसिमले जरिवाना नतिरेको र अव पनी सो विषयमा कार्यालय गंम्भिर रहेकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो । | ८२८६९। |
| ४४ | फिल्ड भत्ता भुक्तानीको आधार प्रमाण पेश गर्नुपर्ने बेरुजु औंल्याइएको हकमा विराटनगर महानगरपालिका भित्र ५६ वटा सामुदायिक, १०० भन्दा बढी संस्थागत तथा २२ वटा परम्परागत विद्यालयहरु रहेका छन् । ती सबै विद्यालयमा शिक्षा ऐन तथा नियमावलीले तोके बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने हुन्छ । साथै सबै सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकको साल बसाली विदा प्रमाणीकरण गर्नुपर्ने हुन्छ । यसका साथै विद्यालयमा हुने सबै प्रकारका परीक्षा, पाठ्यपुस्तकको प्रयोग, विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन मूल्यांकन समेत गर्नुपर्दछ । यस कार्यका लागि आ.व. २०७७/७८ का लागि शिक्षा विकास कार्यक्रम तथा बजेट कार्यन्वयन पुस्तिका प्रमुख प्रशासकीय अधिकृतस्तरबाट स्वीकृत गराइ नियमानुसारका कागजात तथा प्रतिवेदन समेत पेश गरी भुक्तानी लिएको देखिएकाले उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो । | ९१००० |
| ५१ | माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन सम्बन्धी बेरुजुका सम्बन्धमा विराटनगर महानगरपालिकामा १८ वटा परम्परागत तथा धार्मिक विद्यालय सञ्चालनमा रहेका छन् । ती विद्यालयहरुको सञ्चालन व्यवस्थापनका लागि पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, सञ्चालन व्यवस्थापन अनुदान लगायतका संघीय शर्शत अनुदान अर्न्तगत विनियोजित रकम सामुदायिक विद्यालय सरह अनुदान रकम प्रदान गरिदै आएको छ । त्यस्ता परम्परागत तथा धार्मिक | १३००००० |

| | | |
|---|---|---|
| | विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका लागि (विद्यालय भवन, शौचालय आदि) साविक जिल्ला शिक्षा कार्यलयबाट समेत नियमित रुपमा अनुदान रकम उपलब्ध गराइएको थियो । हाल पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परम्परागत तथा धार्मिक विद्यालयको भौतिक पूर्वाधारका लागि रकम विनियोजन हुँदै आएको छ । यस सन्दर्भमा कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७/७८ ले समेत परम्परागत तथा धार्मिक विद्यालयका लागि यस प्रकृतिका अनुदान दिन नमिल्ने भनी उल्लेख गरेको छैन । शिक्षा मन्त्रालयद्वारा जारी परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्डले यस प्रकृतिका विद्यालयका लागि सामुदायिक विद्यालय सरह अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । परम्परागत तथा धार्मिक विद्यालय सार्वजनिक विद्यालय भएको र यसमा पढ्ने विद्यार्थीहरुकालागि सामुदायिक विद्यालय सरह अन्य सुविधाहरु प्रदान गरिदै आएकोमा यस महानगरपालिका वडा नं १२ मा सञ्चालित श्री लक्ष्मी नारायण वेद विद्याश्रम (मा.वि) तथा वडा नं १५ मा सञ्चालित श्री मदरसा इस्लाहुल मुस्लेमिन आधारभूत विद्यालयलाई मिति २०७७/१०/ २३ गतेको नगर शिक्षा समितिको निर्णय बमोजिम विद्यालयमा पुस्तकालय व्यवस्थापन अनुदान रकम प्रदान गरिएको देखिएको । यस विद्यालयमा अध्ययन गर्ने अधिकांश बालबालिका विपन्न वर्गका भएको हुँदा उनीहरुका लागि गुणस्तरीय शिक्षामा पहुँच वृद्धिका लागि यस प्रकारको कार्यक्रम अनुदान स्वरुप उपलब्ध गराइएको देखिएको हुँदा उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो । | |
| ५२ | परम्परागत विद्यालयका लागि उपलब्ध गराएको शिक्षक/बाल विकास सहजकर्ताको पारिश्रमिक सम्बन्धी बेरुजुका सम्बन्धमा विराटनगर महानगरपालिका भित्र सञ्चालनमा रहेका धार्मिक विद्यालयहरुलाई एकमुष्ठ धार्मिक अनुदान स्वरुप रकम निकासा हुने गरेको । म.लेप. प्रतिवेदनमा बेरुजु औंल्याएको यस रकम शिक्षक तथा बाल विकास सहजकर्ताका लागि पारिश्रमिक बापतको रकम रहेको देखिएको । धर्मिक विद्यालयमा साविक जिल्ला शिक्षा कार्यलयले नियुक्त गरेका २ जना प्राथमिक शिक्षकको रकम तथा ८ वटा बाल विकास सहजकर्ताको रकम यसबाट भुक्तानी भएको देखिएको । आ.व. २०७८/७९ बाट ती दुबै शिक्षकलाई सेवाबाट अवकास दिइएको । नेपाल सरकारको नीति बमोजिम साविक जिल्ला शिक्षा कार्यालयबाट वितरण भइ आएका बाल विकास कक्षा समुदायमा आधारित समेत रहेका छन् । सबै सामुदायिक विद्यालयमा बाल विकास कक्षा सञ्चालनमा रहेका छन् । परम्परागत तथा धार्मिक विद्यालय सार्वजनिक विद्यालय भएको, त्यहाँ जाने सबै सेवा सुविधा सामुदायिक विद्यालय सरह हुने भएको हुँदा शिक्षामा सबै वर्गको पहुँच स्थापनाका लागि बाल विकास कक्षाहरु हालसम्म महानगरपालिकाले सञ्चालन गरिरहेको छ । म.लेप. प्रतिवेदनमा औंल्याएको बेरुजु रकम तलब भत्ता बापतको रकम भएको तथा एक वर्षभरि कार्य गरेका बाल विकास सहजकर्ताको न्यूनतम तलब भत्ता भएको हुँदा उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो । | १३६०२२३ |
| ५७ | विज्ञान प्रयागशाला सम्बन्धी बेरुजुका सम्बन्धमा विराटनगर महानगरपालिकामा १८ वटा परम्परागत तथा धार्मिक विद्यालय सञ्चालनमा रहेका छन् । ती विद्यालयहरुको सञ्चालन व्यवस्थापनका लागि पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, सञ्चालन व्यवस्थापन अनुदान लगायतका संघीय शर्शत अनुदान अर्न्तगत विनियोजित रकम सामुदायिक विद्यालय सरह अनुदान रकम प्रदान गरिदै आएको छ । त्यस्ता परम्परागत तथा धार्मिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका लागि (विद्यालय भवन, शौचालय आदि) साविक जिल्ला शिक्षा कार्यलयबाट समेत नियमित रुपमा अनुदान रकम उपलब्ध गराउँदै आएको । हाल पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परम्परागत तथा धार्मिक विद्यालयको भौतिक पूर्वाधारका लागि रकम विनियोजन हुँदै आएको छ । यस सन्दर्भमा कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७/७८ ले समेत परम्परागत तथा धार्मिक विद्यालयका लागि यस प्रकृतिका अनुदान दिन नमिल्ने भनी उल्लेख गरेको छैन । शिक्षा मन्त्रालयद्वारा जारी परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्डले यस प्रकृतिका विद्यालयका लागि सामुदायिक विद्यालय सरह अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । परम्परागत तथा धार्मिक विद्यालय सार्वजनिक विद्यालय भएको र यसमा पढ्ने विद्यार्थीहरुकालागि सामुदायिक विद्यालय सरह अन्य सुविधाहरु प्रदान गरिदै आएकोमा | ६५०००० |

| | | |
|---|---|---|
| | यस महानगरपालिका वडा नं ६ मा सञ्चालित श्री मदरसा शहबाजिया माध्यमिक विद्यालयलाई मिति २०७७/१०/ २३ गतेको नगर शिक्षा समितिको निर्णय बमोजिम विज्ञान प्रयोगशाला प्रदान गरिएको हो । यस विद्यालयमा अध्ययन गर्ने अधिकांश बालबालिका विपन्न मुस्लिम वर्गका भएको हुँदा उनीहरुका लागि गुणस्तरीय शिक्षामा पहुँच वृद्धिका लागि यस प्रकारको कार्यक्रम अनुदान स्वरुप उपलब्ध गराइएको देखिएकाले उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो । | |
| ५९ | International Competitive Bidding मार्फत नियूक्ती भएको परामर्शदाता DSC वाट तयार भई PCO/ADB समक्ष पूनरावलोकन (Review) को लागि पेश भई PCO/ADB वाट प्राप्त Comments/suggestions समावेश गरि तयार गरिएको Design, Drawing, Bidding Documents र Estimates नगरपालिकाको मिति २०७३।११।०६ को बैठक संख्या ३९ वाट समेत स्विकृत भएको र स्विकृत Bidding Documents को आधारमा अंग्रेजी राष्ट्रिय दैनिक पत्रिकामा ४२ दिनको Bid Notice प्रकाशन गरिएको र प्रकाशित सुचना अनूसार Contractor ले सोहि बमोजिम Bid गरेको र स्विकृत Bid Evaluation Criteria बमोजिम Bid Evaluation Report तयार गरि उक्त Bid Evaluation Report लाइ PCO/ADB वाट समेत बिभिन्न चरणहरुको पूनरावलोकन (Review) पश्चात स्विकृती र सहमति प्राप्त भएको ।<br>Contract Agreement हूदा ADB Guidelines बमोजिम Contract Negotiation गरेर Contractor ले Bid गरेको Corrected Bid Price (Including VAT & PA) रु.३१६०६३५२३४।५६ मा ५४९५४२९८४।९३ घटाएर रु.२६११०९२२४९।६३ कायम गरि PCO/ADB वाट समेत समर्थन भएपछि Price Bill of Quantities (BoQ) Volume-3 अन्तरगत ठे. सम्झौता भएको ।<br>साथै Variation हूँदा नया दररेट हूनूपर्ने अवस्थामा सम्झौताको Clause 12.03 (Evaluation) अनूसार गरिएकोले अन्यथा नभएको हूदा महालेखा परिक्षकको कार्यालय वाट आ.व. २०७७।०७८ को प्रारम्भीक प्रतिवेदनको वेरुजू कम ५९ मा लागत अनूमान तयार नगरि ठेक्का प्रकृया र भूक्तानी भएको भन्ने व्यहोराको बेरुजू नियमित गर्ने निर्णय गरियो । | |
| ६० | Detailed Project Report(DPR) अनूसार निर्माण कार्यको लागि आवश्यक पर्ने Supporting Working Drawings र Detail पुर्व स्विकृती गरि DSC ले Design र Specification अनूसार गूणस्तर चेक जाच समेतको कार्य गरि निर्माण कार्य गराएको र हाल निर्माण कार्य सम्पन्न भइ As Built Drawings समेत प्राप्त भइसकेको हूदा प्रारम्भीक प्रतिवेदनको वेरुजू कम ६० मा Drawing अनूसार निर्माण कार्य नगरेको भन्ने व्यहोराको बेरुजू नियमित गर्ने निर्णय गरियो । | |
| ६१ | निर्माण कार्य गर्दा Kerb Stone को नाला र सडकको बिचमा आवश्यक concreting गर्ने कार्य भएको र DSC वाट पून: चेक जाच गराइ सोको परिणाम यकिन गरि Final Statement(GCC/PCC Sub clause 14.13) मार्फत सच्याई सकिएकोले वेरुजू कम ६१ मा Kerb Stone को BED मा RCC गरेको परिमाण यकिन गर्नूपर्ने २३ औ आइपिसि सम्म भूक्तानी भएको भनि औल्याइएको रकम रु.१६७८०८९१।४७ नियमित गर्ने निर्णय गरियो । | १,६७,८०,८९१।४७ |
| ६२ | Electrical Works मा प्रयोग गरिएका Electric Pole हरुको परिमाण तथा अवस्थितिको वारेमा <u>As Built Drawing</u> मा खूलाइ पेश भएको र Line diagram र Lane DetailsFinal Statement सगैं Supporting Documents को रुपमा प्राप्त भइसकेकोले महालेखा परिक्षकको कार्यालय वाट आ.व. २०७७।०७८ को प्रारम्भीक प्रतिवेदनको वेरुजू कम ६२ मा Specific Area/Chainage उल्लेख नभएको र परिमाण यकिन नभएको भनि औल्याइएको बेरुजू रकम रु.३१३५३८१८।५५ नियमित गर्ने निर्णय गरियो । | ३,१३,५३,८१८।५५ |
| ६३ | Contract Agreement को GCC/PCCClause 13.5(b) (I) & (II) अनुसार प्राभिजनल समवाट बिधुत प्राधिकरणलाइ इलेक्ट्रिकल आइटमको भुक्तानीमा नियमानुसार Contract Data मा उल्लेख भए वमोजिम १५ प्रतिशत होभरहेड रकम समेत PCCClause 13.5(b) (II) अनुसार भुक्तानी भएकाले म.ले.प.को आ.व. २०७७।०७८ को प्रारम्भीक प्रतिवेदनको वेरुजू कम ६३ मा ओभरहेड खर्च लेखेको रकम असूल गर्नू पर्ने भनि उल्लेख भएका बेरुजू रकम रु.४७१०००।०० नियमित गर्ने निर्णय गरियो। | ४,७१,०००।०० |

| | | |
|---|---|---|
| | GCC/PCC Sub Clause No. 13.5(b) states that "Plant, Materials or Services to be purchased by the Contractor, from a nominated Subcontractor or otherwise; and for which there shall be included in the Contract Price:<br>(I) The actual amount paid (or due to be paid) by the Contractor, and<br>(II)A sum for overhesd charges and profit, calculated as a percentage of these actual amount by applying the relevant percentage rate (if any) stated in the appropriate Schedule. If there is no such rate, the percentage rate stated in the Contract Data shall be applied. | |
| ६४ | DSC ले जारी गरेको Working Drawing एव निर्देशन अनुसार Earth Work अन्तरगत Excavation & Back Filling कार्य Technical Specification को Clause 2.2.5.2.2.1 अनुसार भएको हो जस्मा "Excavation shall be taken out to the least dimension required to accommodate the several parts of the Works and shall provide any working space necessary for their excavation." And another Clause no. 3.1.5.2 'Minimum base width' further states "Unless otherwise shown on the drawings, or as directed, the base width of a trench shall be not less than the external diameter of the pipe barrels plus twice the side allowance as shown below:<br>ND upto 600mm side allowance 300mm भए अनुसार नै कार्य भएको हो ।<br>Item No. A3, 7.2(b) M20 Concrete Work र A3, 11.3 Transportation of manhole component कार्यहरुको बढी भएको भुक्तानी सम्झौताको Clause 14.3(g) अनुसार DSC वाट पुन चेक जाच गराइ परिमाण यकिन गरि Final Payment( Clause 14.13) मा सुधार गरिएकोले अन्यथा भुक्तानी भएको नदेखिएकोले प्रारम्भीक प्रतिवेदनको वेरुजू क्रम ६४ मा बढी भूक्तानी भएको रकम असूल गर्नू पर्ने भनि उल्लेख भएको बेरुजू रकम रु.३६२५८१३७।०२ नियमित गर्ने निर्णय गरियो । | ३,६२,५८,१३७।०२ |
| ६५ | Contract Agreement को Clause 14.3(g) " The deduction of amounts certified in all previous Payment Certificates" अनुसार प्रोभिजनल सम, स्यान्डफिलिङ्ग, प्लास्टर लगायतमा बिगत बिलहरुमा बढि भूक्तानी भएको रकम आइपिसि २३ को भूक्तानीमा कट्टी गरि सूधार गरिएको र DSC वाट पुन चेक जाच गराइ परिमाण यकिन गरि Final Payment Certificate मा समेत Correction गरिएको हुदा वास्तबिक कार्य भन्दा बढी भूक्तानी भएको रकममा व्याज समेत असुल गनूपर्ने भनि म.ले.प.को प्रारम्भीक प्रतिवेदनको वेरुजू क्रम ६५ मा उल्लेख भएको बेरुजू रकम रु.९५२१९५३।०० नियमित गर्ने निर्णय गरियो । | ९५,२१,९५३।०० |
| ६६ | परियोजनाको आ.व. २०७७।०७८ को अन्तिम लेखा परिक्षण कार्य पश्चात DSC वाट पुन चेक जाच गराइ परिमाण यकिन गरि Final Payment( Clause 14.13) मा सुधार गरिएको । | |
| ६७ | DSC वाट नापी किताबको परिमाण र ठे.बिल भिडान गरि पुन विस्तृत नाप जाच गराइ परिमाण यकिन गरि Final Payment( Clause 14.13) मा सम्झौताको Clause 14.3(g) अनुसार सुधार गरिएकोले अन्यथा भुक्तानी भएको नदेखिएकोले प्रारम्भीक प्रतिवेदनको वेरुजू क्रम ६७ मा २३ औ आइपिसि सम्मको विल पून नाप जाच गरि मात्र भूक्तानी दिनूपर्ने भनि उल्लेख भएको बेरुजू रकम रु.८९६३६१३५।८३ नियमित गर्ने निर्णय गरियो । | ८,९६,३६,१३५।८३ |
| ६८ | Dismantling को कार्यमा निर्माण कार्यको उत्खनन आदि वाट उत्सर्जन भएका Surplus Material इटा आदि हरुको आम्दानी देखाउनु पर्ने वा निर्माण व्यवसायीवाट कट्टा गर्नु पर्ने भनि प्रारम्भीक प्रतिवेदनको वेरुजू क्रम ६८ मा उल्लेख भएको बेरुजू रकम रु.१०४५२३३०।०० को हकमा Technical Specification को Clause 2.1.5.6 ले प्रष्ट रुपमा व्याख्या गरे अनूसार " The materials obtained from demolition shall become the property of the Contractor and shall be destroyed or removed from the site" निर्माण व्यवसायीले कार्य पालना गरेको र कतिपय यसरी प्राप्त भएका सामाग्रीहरु सम्भव भएसम्म संम्बन्धित वडामा पून:प्रयोग प्रयोजनको लागि प्रोत्साहन गर्दै वडाको सिफारिसमा माग वमोजिम वितरण गरिदेखिएकोले क्रम ६८ मा उल्लेख भएको बेरुजू रु.१०४५२३३०।०० नियमित गर्ने निर्णय गरियो । | १,०४,५२,३३०।०० |
